आज मिति २०७६ साल असाढ २९ गते बिहान ८.०० बजे आइतबारका दिन यस धनगढी उप-महानगरपालिकाको नगरसभा संचालन सम्बन्धि कार्यविधि २०७४ बमोजिम धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री नृप बहादुर वडज्यूको अध्यक्षतामा धनगढी उप-महानगरपालिकाको चौथों नगरसभाको तेस्रो बैठक बसी देहाय बमोजिम उपस्थिति एवं निर्णय गरियो ।

| क्र.स | नामथर | पद | मिति २०७६ /०३/२९ (हस्ताक्षर) |
|---|---|---|---|
| १ | नृप बहादुर वड | नगरसभा अध्यक्ष | |
| २ | सुशीला मिश्र भट्ट | नगरसभा उपाध्यक्ष | |
| ३ | सन्तोष मुडभरी | नगरसभा सदस्य | |
| ४ | कल्याणी सिंह | नगरसभा सदस्य | |
| ५ | विमला कुमारी देवल | नगरसभा सदस्य | |
| ६ | सुवास चन्द | नगरसभा सदस्य | |
| ७ | धर्म राज उपाध्याय | नगरसभा सदस्य | |
| ८ | नर बहादुर बम | नगरसभा सदस्य | |
| ९ | रत्ना कुमारी बोगटी (बिष्ट) | नगरसभा सदस्य | |
| १० | मिना रैका आउजी | नगरसभा सदस्य | |
| ११ | मान बहादुर चौधरी | नगरसभा सदस्य | |
| १२ | मान बहादुर सिंह | नगरसभा सदस्य | |
| १३ | बल बहादुर ऐर | नगरसभा सदस्य | |
| १४ | प्रेम सिंह विश्वकर्मा | नगरसभा सदस्य | |
| १५ | पार्वती देवी सिंह | नगरसभा सदस्य | |
| १६ | राधा वि.क. | नगरसभा सदस्य | |
| १७ | नारायण प्रसाद पाण्डे | नगरसभा सदस्य | |
| १८ | ओम विक्रम चन्द | नगरसभा सदस्य | |
| १९ | दिपक कुमार थापा क्षेत्री | नगरसभा सदस्य | |
| २० | माया कुमारी भण्डारी (साउद ) | नगरसभा सदस्य | |
| २१ | गंगा देवी वि.क. | नगरसभा सदस्य | |
| २२ | छत्र बहादुर वडैला | नगरसभा सदस्य | |
| २३ | यज्ञ राज जोशी | नगरसभा सदस्य | |
| २४ | हिरा सिंह पातली | नगरसभा सदस्य | |
| २५ | यशोधा भण्डारी | नगरसभा सदस्य | |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| २६ | माया देवी विश्वकर्मा | नगरसभा सदस्य | |
| २७ | भुमी राज जोशी | नगरसभा सदस्य | |
| २८ | बावलु कुमार चौधरी | नगरसभा सदस्य | |
| २९ | भागी राम चौधरी | नगरसभा सदस्य | |
| ३० | भावना चौधरी | नगरसभा सदस्य | |
| ३१ | धर्मा देवी सार्की | नगरसभा सदस्य | |
| ३२ | महेन्द्र बहादुर थापामगर | नगरसभा सदस्य | |
| ३३ | खुसी राम चौधरी | नगरसभा सदस्य | |
| ३४ | सिता राम राना | नगरसभा सदस्य | |
| ३५ | यमुना कुमारी भट्ट (जोशी) | नगरसभा सदस्य | |
| ३६ | पुजा वि.क. | नगरसभा सदस्य | |
| ३७ | अर्जुन चौधरी | नगरसभा सदस्य | |
| ३८ | बासु राना थारू | नगरसभा सदस्य | |
| ३९ | नारायण प्रसाद बराल | नगरसभा सदस्य | |
| ४० | वसन्त कुमार ठाकुर | नगरसभा सदस्य | |
| ४१ | तारा कुमारी चौधरी | नगरसभा सदस्य | |
| ४२ | पार्वती देवी वि.क. | नगरसभा सदस्य | |
| ४३ | राम स्वरुप राना थारू | नगरसभा सदस्य | |
| ४४ | प्रदिप के(खत्री) .सी. | नगरसभा सदस्य | |
| ४५ | प्रेम बहादुर भण्डारी | नगरसभा सदस्य | |
| ४६ | धौली कडायत | नगरसभा सदस्य | |
| ४७ | शारदा कुमारी ताम्राकार | नगरसभा सदस्य | |
| ४८ | लाहानु चौधरी | नगरसभा सदस्य | |
| ४९ | दिनेश चौधरी | नगरसभा सदस्य | |
| ५० | राजेन्द्र राना | नगरसभा सदस्य | |
| ५१ | गीता पन्त | नगरसभा सदस्य | |
| ५२ | लक्ष्मी देवी राना | नगरसभा सदस्य | |
| ५३ | अम्मर सिंह राना | नगरसभा सदस्य | |
| ५४ | गंगा राम राना | नगरसभा सदस्य | |
| ५५ | खगेश्वरी देवी जोशी | नगरसभा सदस्य | |
| ५६ | चित्रा चौधरी | नगरसभा सदस्य | |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ५७ | उत्तम राज जोशी | नगरसभा सदस्य | |
| ५८ | वंशी राना थारू | नगरसभा सदस्य | |
| ५९ | गणेश प्रसाद जोशी | नगरसभा सदस्य | |
| ६० | रिशनी देवी चौधरी | नगरसभा सदस्य | |
| ६१ | रिता सुनार | नगरसभा सदस्य | |
| ६२ | केशर बहादुर विष्ट | नगरसभा सदस्य | |
| ६३ | विर्ख बहादुर सिंह | नगरसभा सदस्य | |
| ६४ | विजय राज जोशी | नगरसभा सदस्य | |
| ६५ | सिता देवी राना | नगरसभा सदस्य | |
| ६६ | निसा कुमारी अउजी | नगरसभा सदस्य | |
| ६७ | लाल बहादुर चौधरी | नगरसभा सदस्य | |
| ६८ | हिरालाल राना थारू | नगरसभा सदस्य | |
| ६९ | राम बजारी थारू | नगरसभा सदस्य | |
| ७० | प्रेम बहादुर वि.क. | नगरसभा सदस्य | |
| ७१ | खगिमाया देवी विश्वकर्मा | नगरसभा सदस्य | |
| ७२ | डम्मर बहादुर  थापा | नगरसभा सदस्य | |
| ७३ | राम बहादुर नेपाली | नगरसभा सदस्य | |
| ७४ | फुलराम चौधरी | नगरसभा सदस्य | |
| ७५ | कल्पना कुमारी महरा | नगरसभा सदस्य | |
| ७६ | सिता देवी सार्की | नगरसभा सदस्य | |
| ७७ | कालू राम चौधरी | नगरसभा सदस्य | |
| ७८ | प्रेम राना | नगरसभा सदस्य | |
| ७९ | लक्ष्मी नारायण चौधरी | नगरसभा सदस्य | |
| ८० | मिना देवी चौधरी | नगरसभा सदस्य | |
| ८१ | मैसरी देवी सार्की | नगरसभा सदस्य | |
| ८२ | हरीनारायण राना थारु | नगरसभा सदस्य | |
| ८३ | कमल राज चौधरी | नगरसभा सदस्य | |
| ८४ | माधव राज राना | नगरसभा सदस्य | |
| ८५ | सिमा देवी चौधरी | नगरसभा सदस्य | |
| ८६ | सिलसरी देवी वि.क. | नगरसभा सदस्य | |
| ८७ | वम बहादुर बोहरा | नगरसभा सदस्य | |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ८८ | राम बहादुर चौधरी | नगरसभा सदस्य | |
| ८९ | मुरारी अधिकारी | नगरसभा सदस्य | |
| ९० | सिता चौधरी | नगरसभा सदस्य | |
| ९१ | दुर्गा सार्की | नगरसभा सदस्य | |
| ९२ | गणेश वि.क. | नगरसभा सदस्य | |
| ९३ | देव बहादुर वि.क. | नगरसभा सदस्य | |
| ९४ | तिलु राम चौधरी थारु | नगरसभा सदस्य | |
| ९५ | विना देवी चौधरी | नगरसभा सदस्य | |
| ९६ | सपना वि.क. | नगरसभा सदस्य | |
| ९७ | रुप लाल चौधरी | नगरसभा सदस्य | |
| ९८ | सुर्य बहादुर रानाभाट | नगरसभा सदस्य | |
| ९९ | नारायण प्रसाद सापकोटा | नगरसभा सचिव | |

निर्णय नं.-४.१

आजको नगर शभाको निर्णयले यस पूर्व यस सम्मानित नगर शभामा पेश भएको यस उप-महानगरपालिका को आ.व. २०७६।०७७ को नीति, कार्यक्रम तथा बजेट सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो। साथै यस नगर सभाको तेस्रो बैठकले यस पूर्व चौथो नगर शभामा पेश भएको विनियोजन विधेयक २०७६ र अर्थ विधेयक (आर्थिक विधेयक) २०७६ सर्व सम्मतिले पारित गर्ने निर्णय गरियो, यि विधेयकहरु आजका मिति देखि नै तुरुन्त कार्यान्वयनमा आउने छन ।

इति संवत २०७६ साल आषाढ २९ गते रोज १ शुभम्

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

Scanned by CamScanner

आज मिति २०७६ साल असाढ ३० गते दिउँसो २.३० बजे आइतबारका दिन यस धनगढी उप–महानगरपालिकाको नगरसभा संचालन सम्बन्धि कार्यविधि २०७४ बमोजिम धनगढी उप–महानगरपालिकाका नगर प्रमुख श्री नृप बहादुर वडज्यूको अध्यक्षतामा धनगढी उप–महानगरपालिकाको चौथों नगरसभाको तेस्रो बैठक बसी देहाय बमोजिम उपस्थिति एवं निर्णय गरियो ।

| क्र.स | नामथर | पद | मिति २०७६/०३/३० (हस्ताक्षर) |
|---|---|---|---|
| १ | नृप बहादुर वड | नगरसभा अध्यक्ष | |
| २ | सुशीला मिश्र भट्ट | नगरसभा उपाध्यक्ष | |
| ३ | सन्तोष मुडभरी | नगरसभा सदस्य | |
| ४ | कल्याणी सिंह | नगरसभा सदस्य | |
| ५ | विमला कुमारी देवल | नगरसभा सदस्य | |
| ६ | सुवास चन्द | नगरसभा सदस्य | |
| ७ | धर्म राज उपाध्याय | नगरसभा सदस्य | |
| ८ | नर बहादुर [illegible] | नगरसभा सदस्य | |
| ९ | रत्ना कुमारी बोगटी (विष्ट) | नगरसभा सदस्य | |
| १० | मिना रैका आउजी | नगरसभा सदस्य | |
| ११ | मान बहादुर चौधरी | नगरसभा सदस्य | |
| १२ | मान बहादुर सिंह | नगरसभा सदस्य | |
| १३ | बल बहादुर ऐर | नगरसभा सदस्य | |
| १४ | प्रेम सिंह विश्वकर्मा | नगरसभा सदस्य | |
| १५ | पार्वती देवी सिंह | नगरसभा सदस्य | |
| १६ | राधा वि.क. | नगरसभा सदस्य | |
| १७ | नारायण प्रसाद पाण्डे | नगरसभा सदस्य | |
| १८ | ओम विक्रम चन्द | नगरसभा सदस्य | |
| १९ | दिपक कुमार थापा क्षेत्री | नगरसभा सदस्य | |
| २० | माया कुमारी भण्डारी (साउद) | नगरसभा सदस्य | |
| २१ | गंगा देवी वि.क. | नगरसभा सदस्य | |
| २२ | छत्र बहादुर वडैला | नगरसभा सदस्य | |
| २३ | यज्ञ राज जोशी | नगरसभा सदस्य | |
| २४ | हिरा सिंह पातली | नगरसभा सदस्य | |
| २५ | यशोधा भण्डारी | नगरसभा सदस्य | |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| २६ | माया देवी विश्वकर्मा | नगरसभा सदस्य | |
| २७ | भुमी राज जोशी | नगरसभा सदस्य | |
| २८ | बावलु कुमार चौधरी | नगरसभा सदस्य | |
| २९ | भागी राम चौधरी | नगरसभा सदस्य | |
| ३० | भावना चौधरी | नगरसभा सदस्य | |
| ३१ | धर्मा देवी सार्की | नगरसभा सदस्य | |
| ३२ | महेन्द्र बहादुर थापामगर | नगरसभा सदस्य | |
| ३३ | खुसी राम चौधरी | नगरसभा सदस्य | |
| ३४ | सिता राम राना | नगरसभा सदस्य | |
| ३५ | यमुना कुमारी भट्ट (जोशी) | नगरसभा सदस्य | |
| ३६ | पुजा वि.क. | नगरसभा सदस्य | |
| ३७ | अर्जुन चौधरी | नगरसभा सदस्य | |
| ३८ | बासु राना थारू | नगरसभा सदस्य | |
| ३९ | नारायण प्रसाद बराल | नगरसभा सदस्य | |
| ४० | वसन्त कुमार ठाकुर | नगरसभा सदस्य | |
| ४१ | तारा कुमारी चौधरी | नगरसभा सदस्य | |
| ४२ | पार्वती देवी वि.क. | नगरसभा सदस्य | |
| ४३ | राम स्वरुप राना थारू | नगरसभा सदस्य | |
| ४४ | प्रदिप के(खत्री) .सी. | नगरसभा सदस्य | |
| ४५ | प्रेम बहादुर भण्डारी | नगरसभा सदस्य | |
| ४६ | धौली कडायत | नगरसभा सदस्य | |
| ४७ | शारदा कुमारी ताम्राकार | नगरसभा सदस्य | |
| ४८ | लाहानु चौधरी | नगरसभा सदस्य | |
| ४९ | दिनेश चौधरी | नगरसभा सदस्य | |
| ५० | राजेन्द्र राना | नगरसभा सदस्य | |
| ५१ | गीता पन्त | नगरसभा सदस्य | |
| ५२ | लक्ष्मी देवी राना | नगरसभा सदस्य | |
| ५३ | अम्मर सिंह राना | नगरसभा सदस्य | |
| ५४ | गंगा राम राना | नगरसभा सदस्य | |
| ५५ | खगेश्वरी देवी जोशी | नगरसभा सदस्य | |
| ५६ | चित्रा चौधरी | नगरसभा सदस्य | |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ५७ | उत्तम राज जोशी | नगरसभा सदस्य | |
| ५८ | वंशी राना थारू | नगरसभा सदस्य | |
| ५९ | गणेश प्रसाद जोशी | नगरसभा सदस्य | |
| ६० | रिशनी देवी चौधरी | नगरसभा सदस्य | |
| ६१ | रिता सुनार | नगरसभा सदस्य | |
| ६२ | केशर बहादुर विष्ट | नगरसभा सदस्य | |
| ६३ | विर्ख बहादुर सिंह | नगरसभा सदस्य | |
| ६४ | विजय राज जोशी | नगरसभा सदस्य | |
| ६५ | सिता देवी राना | नगरसभा सदस्य | |
| ६६ | निसा कुमारी अउजी | नगरसभा सदस्य | |
| ६७ | लाल बहादुर चौधरी | नगरसभा सदस्य | |
| ६८ | हिरालाल राना थारू | नगरसभा सदस्य | |
| ६९ | राम बजारी थारू | नगरसभा सदस्य | |
| ७० | प्रेम बहादुर वि.क. | नगरसभा सदस्य | |
| ७१ | खगिमाया देवी विश्वकर्मा | नगरसभा सदस्य | |
| ७२ | डम्मर बहादुर थापा | नगरसभा सदस्य | |
| ७३ | राम बहादुर नेपाली | नगरसभा सदस्य | |
| ७४ | फुलराम चौधरी | नगरसभा सदस्य | |
| ७५ | कल्पना कुमारी महरा | नगरसभा सदस्य | |
| ७६ | सिता देवी सार्की | नगरसभा सदस्य | |
| ७७ | कालू राम चौधरी | नगरसभा सदस्य | |
| ७८ | प्रेम राना | नगरसभा सदस्य | |
| ७९ | लक्ष्मी नारायण चौधरी | नगरसभा सदस्य | |
| ८० | मिना देवी चौधरी | नगरसभा सदस्य | |
| ८१ | मैसरी देवी सार्की | नगरसभा सदस्य | |
| ८२ | हरीनारायण राना थारु | नगरसभा सदस्य | |
| ८३ | कमल राज चौधरी | नगरसभा सदस्य | |
| ८४ | माधव राज राना | नगरसभा सदस्य | |
| ८५ | सिमा देवी चौधरी | नगरसभा सदस्य | |
| ८६ | सिलसरी देवी वि.क. | नगरसभा सदस्य | |
| ८७ | वम बहादुर बोहरा | नगरसभा सदस्य | |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ८८ | राम बहादुर चौधरी | नगरसभा सदस्य | |
| ८९ | मुरारी अधिकारी | नगरसभा सदस्य | |
| ९० | सिता चौधरी | नगरसभा सदस्य | |
| ९१ | दुर्गा सार्की | नगरसभा सदस्य | |
| ९२ | गणेश वि.क. | नगरसभा सदस्य | |
| ९३ | देव बहादुर वि.क. | नगरसभा सदस्य | |
| ९४ | तिलु राम चौधरी थारु | नगरसभा सदस्य | |
| ९५ | विना देवी चौधरी | नगरसभा सदस्य | |
| ९६ | सपना वि.क. | नगरसभा सदस्य | |
| ९७ | रुप लाल चौधरी | नगरसभा सदस्य | |
| ९८ | सुर्य बहादुर रानाभाट | नगरसभा सदस्य | |
| ९९ | नारायण प्रसाद सापकोटा | नगरसभा सचिव | |

Scanned by CamScanner

यस उप-महानगरपालिकाले आ.व. २०७६/०७७ को निति, कार्यक्रम तथा वजेट २०७६/०३/२९ गते चौथो - नगर सभाको तेस्रो-बैठकबाट सर्वसम्मतिले पारित गरेको छ। कुल १ अर्व ५८ करोड ३७ लाख १४ हजार ४ सय असी रुपयाँको आय र व्ययको वजेट नगरपालिका को चौथो नगर सभा को तेस्रो बैठकले सर्वसम्मतले पारित गरेको छ।

वजेट कार्यक्रमका साथ - बिनियोजन विधेयक २०७६ र अर्थ विधेयक २०७६ पारित गरिएको छ।

पारित भएको निति, कार्यक्रम तथा बजेट एवं आय र व्ययका आर्थिक विधेयक २०७६ र विनियोजन विधेयक २०७६ समेत नगरपालिकाको Website मा upload गरि सकिएको छ।

निति, कार्यक्रम र बजेट साथै विनियोजन बिधेयक २०७६ र अर्थ विधेयक २०७६ नगर प्रमुख बाट प्रमाणिकरण पछि स्थानीय राजपत्रमा प्रकाशित गरिने र स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात तुरुन्त लागु हुने छन्।

सन्तोष मुडभरी
प्रवक्ता
धनगढी उप-महानगरपालिका
धनगढी, कैलाली

इतिसम्बत २०७६ साल अषाढ ३० गते रोज २ शुभम्

Scanned by CamScanner

**धनगढी उप-महानगरपालिकाको चौथो नगरसभामा प्रस्तुत गत आर्थिक वर्ष (२०७४/०७५) को यथार्थ आय र व्ययको विवरण, चालु आर्थिक वर्ष (२०७५/०७६) को संशोधित आय र व्ययको विवरण, आगामी आर्थिक वर्ष (२०७६/०७७) को वार्षिक नीति, कार्यक्रम तथा बजेट**

आदरणीय नगरसभाका अध्यक्षज्यु,नगरसभा का सम्पूर्ण सदस्यज्युहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारी मित्रहरु, नगरवासीआमा, बुवा, दिदी बहिनी दाजु भाई तथा पत्रकार मित्रहरु,

सर्वप्रथम यस नगरसभाको महत्वपूर्ण घडीमा ईतिहासका विभिन्न कालखण्डमा भएका प्रजातान्त्रिक, लोकतान्त्रिक आन्दोलनहरुमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात प्रातःस्मरणीय शहीदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्नुका साथै शहिद/शहिद परिवारजनमा हार्दिक सम्मान प्रकट गर्दछु। राष्ट्रियताको स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि संघर्ष गर्नु हुने नेपाली नागरिक त्यसको नेतृत्व गर्नु हुने राजनीतिक शिखर व्यक्तित्वहरु प्रति हार्दिक आभार तथा सम्मान प्रकट गर्दछु।

**सम्मानित नगर सभाका अध्यक्ष ज्यू, नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

चौथो नगरसभामा उप-महानगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट पेश गर्न पाउंदा हामीलाई खुशी लागेको छ। सुसस्कृत, सुन्दर र समृद्ध सुदूरपश्चिम प्रदेशको राजधानी धनगढी नगरको विकासमा प्रत्येक्ष र अप्रत्येक्ष सहयोग र समर्थन गर्नुहुने सम्पूर्ण महानुभावलाई हार्दिक आभार प्रकट गर्दछु।

लामो संघर्ष पछि नेपाली जनताको चाहना अनुरुप नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र,धर्म निरपेक्षता, समानुपातिक समावेशी कार्यप्रणाली, सामाजिक न्याय जस्ता संवैधानिक प्रावधानका फलस्वरुप स्थानीयतहको निर्वाचन पश्चात चौथो नगर सभामा उपस्थित सम्पूर्ण नगर सभाका सदस्यज्यूहरु,स्थानीय तहको निर्वाचन २०७४ पश्चात हामी जन प्रतिनिधीहरु यस उप-महानगरपालिकामा निर्वाचित भै नगरवासीका भावना र आवश्यकताको उच्च सम्मान गर्दै यस धनगढीलाई सुन्दर, स्वच्छ र समृद्ध उप-महानगर बनाउने अभियानका साथ "समुन्नत धनगढी उप-महानगरपालिका,समृद्ध नगरवासी"को नारा लिई सोही अनुरुपको उप-महानगर वनाउने दीर्घकालिन उद्देश्य राखी आर्थिक सामाजिक विकासको मौलिक ढांचामा अगाडि बढ्न मन, वचन र कर्मले सदैव प्रतिवद्ध र कटिवद्धछौ, रहिरहन समेत अपिल गर्दछु।

**सम्मानित नगर सभाका अध्यक्ष ज्यू, नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

धनगढी उप-महानगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को बार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा स्थानीय तहले अवलम्बन गर्नु पर्ने प्रक्रिया पुरा गरी आएका नगरवासीहरुका मागहरुलाई उप-महानगरपालिकाको स्रोत र साधनले भ्याए सम्म यथासम्भव समेट्ने प्रयेत्न गरेको छु। योजना तर्जुमा गर्दा नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था गरिएका स्थानीय तहका एकल अधिकार र अनुसूची ९ मा व्यवस्था गरिएका साझा अधिकार, स्थानीय सरकार संचालन ऐन २०७४ (संसोधन सहित), स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, राष्ट्रिय योजना आयोगबाट प्राप्त दिग्दर्शन, संघीय सरकारको बजेट तथा कार्यक्रमका साथै प्रदेश सरकारको बजेट तथा कार्यक्रम र मार्गदर्शनलाई पूर्णतः अवलम्बन गर्दै यो नीति,कार्यक्रम तथा बजेट तयार गरिएकोछ। नीति तथा कार्यक्रम निर्माणका लागि चालु त्रिवर्षीय योजना, वडासमितिहरु, विभिन्न लक्षित समूहहरु, राजनैतिक दलहरु, विषयगत शाखाहरु तथा गैर सरकारी संघ संस्था, नागरिक समाज, सम्बन्धित क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तित्वहरुबाट प्राप्त सुझाव एवं वडास्तरबाट छनौट भै प्राथमिकिकरणको आधारमा नगरकार्यपालिकाको बैठक मार्फत सिफारिस भै आएका योजनाहरुलाई नगरसभामा पेश गरेको छु।

राजश्वका दरहरुमा नगरस्तरीय राजश्व परामर्श समितिको प्रतिवेदनको आधारमा नगरकार्यपालिकाको बैठकबाट सिफारिस भै आएका दरहरुलाई यस नगरसभामा पेश गरिएकोछ। जस अनुसार कर, शुल्क तथा दस्तुरमा संशोधन गरि करको दायरा फराकिलो गरिएको छ भने सम्पति करका दरहरुमा संशोधन गरी सम्पत्तिकर र मालपोत तथा भुमिकरका आधारमा करका दर (रेट) कायम गरिएको छ।

सिमित श्रोत साधनबाट काम गर्नुपर्ने चुनौति हुदां हुदै पनि चालु आ.व.२०७५।०७६ मा नगरवासीहरुको हित र सुविधाका लागि शहरी सुशासन, सामाजिक विकास एवं भौतिक पूर्वाधार निर्माण तथा श्रोत परिचालन गरि पर्यटन क्षेत्रको विकासका सम्बन्धमा केही अनुभूतियोग्य कार्य गर्ने प्रयास गरिएकोछ। दुर्भाग्यवश २०७६।०२।२३ गते राती ८:०० बजे आएको विनासकारी हावाहुरीले जनजीवन तहसनहस पारेता पनि सम्पूर्णको प्रयासबाट स्थिती सामान्य भएको छ। हावाहुरी प्रभावितहरलाई तत्काल राहतको लागि टोली गठन गरिएको थियो भने केहि राहत उपलब्ध गराउन नगर कार्यपालिकाले राहत वितरणको लागि कार्यविधि तर्जुमा गरि प्रकाशित समेत गरेको छ। यस बारेमा मैले विस्तृत रुपमा पछिका पंत्तिमा उल्लेख गर्ने छु।



Scanned by CamScanner

नगरपालिकाले आफ्नो दैनिक प्रशासनिक एवं विकास निर्माणका कार्यहरुलाई अझ चुस्त दुरुस्त बनाउन तथा सम्पादन गरिएका नियमित सेवा तथा विकासका कार्यहरुमा नगरवासी प्रतिको जवाफदेहितामा वृद्धि गर्न सरोकारवालाहरुको जिज्ञासा, सुझाव र प्रतिक्रियाका लागि सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिईएको छ । सञ्चालित योजनामा उपभोक्ता समितिका सरोकारवालालाई जनता प्रतिको जवाफदेहीता वृद्धि गर्न सामाजिक परीक्षण कार्यलाई प्रभावकारी बनाउदै लगिएको छ ।

हालको अवधि सम्म ऐन तथा कार्यविधि गरि २८ वटा पारित गरि कार्यान्वयनमा ल्याईएको छ। जनताका गुनासाहरु सुन्नका लागि टोल फ्रि न.०९१-५२७७७७। को व्यवस्था गरिएको छ,गुनासाहरुको सुनुवाई यथाशिघ्र व्यवस्थापनका लागि अधिकार सम्पन्न समिति समेत बनाई कार्यान्वयनमा लगिनुका साथै गुनासो र सुझाव व्यवस्थापनको लागि गुनासो व्यवस्थापन कार्यविधि २०७४ कार्यपालिकाबाट स्वीकृत गरि कार्यविधि अनुसार कार्यालयमा गुनासो सुन्ने अधिकारी तोकी गुनासो अभिलेखिकरण गरी गुनासाहरुलाई सम्बोधन गर्ने कार्यको उचित व्यवस्था गरिएको छ । नगरवासीहरुको सूचनामा सहज पहुंच होस भन्ने उद्देश्यले धनगढी उप महानगरपालिकाले आफ्नो मोवाईल एप बनाई कार्यान्वयनमा समेत ल्याएको छ । कार्यालय परिसरमा सुझाव पेटीका राख्नुका साथै प्रत्येक वडा कार्यालयमा सुझाव पेटीका राखी अनुगमन गर्ने कार्यको सुव्यवस्था गरि कार्यपालिका तथा नगर सभाका सूचना प्रवाह व्यवस्थापनको लागि नगर प्रवक्ताको व्यवस्था गरिएको छ । कार्यालय को सूचनाहरु आम नगरवासीमा सहजरुपमा पुऱ्याउने कार्यका लागि हाम्रो धनगढी मोवाईल एप्लीकेशन, डिजिटल सूचना पाटी, सूचना अधिकारीको समेत व्यवस्था गरि कार्यपालिकाको सम्पूर्ण सूचनाहरुलाई ध.उ.म.न.पा.को वेव साईटमा राख्ने व्यवस्था गरिएको छ । प्रत्येक वडा कार्यालयमा प्रवक्ताको चयन गरिनुका साथै सूचना अधिकारीहरुको समेत व्यवस्था गरिएको छ । कार्यालयमा आउने सेवाग्राहीलाई सहयोग पुऱ्याउने उद्देश्यले हेल्प डेस्क तथा नागरिक वडापत्रको व्यवस्थासमेत भैसकेकोछ । कार्यालयको लेखा, राजश्व सम्बन्धी कार्यहरुमा सफ्टवेयर जडान गरी कम्प्यूटरिकृत गरिसकिएको छ । ठूला प्रकृतिका योजनाहरुमा हुने ठेक्का बन्दोवस्तका लागि E-biddingलाई कार्यान्वयनमा ल्याइएको छ । प्रत्येक वडामा वडा कार्यालयको स्थापना गर्ने कार्य सम्पन्न भैसकेको छ भने दुई ठाउंमा सूचना केन्द्र (हब) समेत राखिएको छ । सबै वडाहरुमा नेटवर्किङ्गको कार्यलाई यसै वर्ष देखि अझ चुस्त दुरुस्त र प्रभावकारी बनाउने कार्यको थालनी भै सकेको छ ।

नगरपालिकाको फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित बनाउन निजी क्षेत्र संग साझेदारी गरी सो कार्यलाई निरन्तरता दिईएको छ । स्रोतमा फोहोरमैला वर्गीकरण गरी फोहोर न्यूनिकरण गर्न विभिन्न टोलवस्तीहरुमा सचेतनामूलक कार्यक्रम सञ्चालनमासमेत निरन्तरता दिइएकोछ । प्रमुख शहरी एवं आवसीय क्षेत्रहरुमा सडकबत्ति व्यवस्थापन कार्यका लागि सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार सौर्य सडक बत्तिको जडान कार्यलाई अगाडि बढाइएको छ । सौर्य उर्जा सहितको बस विसौनीको स्थापना गर्नका लागि सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार निजी क्षेत्र संग सम्झौता भै कार्यअगाडि बढाईएको छ । उप-महानगरपालिकाको विभिन्न भागमा छाडारुपमा छाडिएका चौपायाहरुको उचित व्यवस्थापन गरिएको छ भने यसै उप-महानगरपालिका क्षेत्र भित्र देवरिया सामुदायिक वन,फुलवारी तथा बेहडाबाबा क्षेत्रमा गौशालाको निर्माणगरी वडा न. ३ को चटकपुरमा समेत गौशाला निर्माण गरिएको छ। धनगढी उप-महानगरपालिकालाई सफा र सुन्दर बनाउन प्रत्येक महिनाको प्रथम र तेस्रो शनिबार नगरपालिका र नीजि क्षेत्रसंग मिली व्यापक सरसफाई अभियान सुरु गरिएको छ ।

**भौतिक अवस्था,**

उप महानगरपालिकाको समष्ठिगत भौतिक पूर्वाधार तर्फ हालसम्ममा कालोपत्रे सडक निर्माण १८७.८४कि.मी.,कालोपत्रे सडक मर्मत ४५०.५४ कि.मि., ग्राबेल सडक निर्माण ७३.६६कि.मी. तयार भैसकेको छ । वडा नं १३ र १६ मा नयां वडा कार्यालयको भवन निर्माणको कार्य सम्पन्न गरिएको छ ।स्वास्थ्य तर्फ प्रादेशिक आयुर्वेद चिकित्सालय निर्माणाधिन चरणमा रहेको छ र वेली शहरी स्वास्थ्य केन्द्रलाई अभिवृद्धि गरि अस्पतालकारुपमा विकास गरि कर्मचारीहरुको समेत व्यवस्था गरिएको छ । अधिकाश वडामा शहरी स्वास्थ्य केन्द्रहरुको स्थापना भैसकेको छर बाँकी वडाहरुमा समेत शहरी स्वास्थ्य केन्द्रको स्थापना गरिने छ । उप-महानगरपालिका क्षेत्रमा एउटा सपिङ कम्प्लेक्स निर्माण भैसकेको छ भने एउटा सपिङ्ग कम्प्लेक्स निर्माणाधिन अवस्थामा रहेकोछ । बसपार्क टर्मिनल भवन निर्माण सम्पन्न भै संचालनमा रहेको छ भने बसपार्क निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । साथै वडा न. १९ फुलबारी बसपार्क निर्माणको अन्तिम चरणमा पुगेको छ ।

**बार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गर्दा लिईएका आधारहरु :**

- नेपालको संविधानको अनुसूचि ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,
- संघीय सरकारले अङ्गिकार गरेको चौधौं आवधिक योजनाले निर्धारण गरेको लक्ष्य, नीति तथा प्राथमिकताहरु एवं पन्धौ योजनाको आधार-पत्र (आ.व. २०७६/०७७-२०८०/०८१),
- संघीय सरकारले अङ्गिकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- प्रदेश सरकारले अङ्गिकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- स्थानीय सरकार संचालन ऐन २०७४ (संसोधन सहित),



Scanned by CamScanner

- सधीय सरकारबाट प्राप्त बजेट र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,
- माननीय सासदज्यूहरु, राजनैतिक दलहरुबाट प्राप्त सुझावहरु,
- सहभागितामूलक योजना तर्जुमा प्रकिया मार्फत प्राप्त सुझावहरु,
- राजश्व परामर्श समितिको प्रतिवेदन सिफारिस,
- श्रोत तथा बजेट सीमा निर्धारण समितिको श्रोत तथा बजेट अनुमानहरु,
- बजेट तथा योजना तर्जुमा समितिले दिएका सिफारिसहरु,
- नगरपालिकाका विभिन्न विषयगत समितिका सिफारिसहरु,
- विगत वर्षहरुमा सम्पन्न भएका नगर सभा बैठकहरुबाट भएका निर्णयहरु,
- नगरकार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,
- विभिन्न विषयगत विज्ञहरुसंग छलफल गर्दा प्राप्त सुझावहरु,
- विभिन्न विषयगत शाखाहरुबाट प्राप्त राय सल्लाह तथा सुझावहरु,

बजेट विनियोजन गर्दा प्रत्येक वडालाई ५० लाख सम्म समानरुपमा र बाँकी रकम जनसंख्या तथा भूगोल राजश्व संकलन र विकासको अवस्थालाई आधार मानी क्रमश: ४०,२०,२० प्रतिशतको अनुपातमा भार दिई बजेट विनियोजन गरिएकोछ । लक्षित वर्गलाई न्यायोचितरुपमा सम्बोधन हुने गरी बजेटलाई विनियोजन गरी खर्च गर्ने व्यवस्था मिलाउने कार्यलाई निरन्तरता दिइएको छ ।

**उप-महानगरपालिकाले आर्थिक वर्ष २०७६/०७७ देखी अवलम्बन गर्ने गरी तयार गरेका नगर विकासका नीति,कार्यक्रम तथा बजेटमा सामान्य उद्देश्यहरु देहाय बमोजिम रहेकाछन् :**

- नगर क्षेत्र भित्रका सम्पूर्ण सडकहरुलाई नियमित मर्मत सम्भार गरी बाह्रै महिना संचालनमा ल्याउने व्यवस्था गरिने छ ।
- नगरमा विद्युतको सुदृढीकरण, वैकल्पिक उर्जालाई प्रवर्द्धन गरिने छ ।
- नगरवासीका जीवनयापनका न्यूनतम आधारभूत आवश्यक्ता परिपूर्ति गर्दै गरिबी विपन्नता पछौटेपन अन्त्य गरिने छ ।
- नगर क्षेत्रभित्रको श्रोत, अवसर र क्षमताको उच्चतम उपयोग गरी आर्थिक तथा मानवीय विकास गरिने छ ।
- सामाजिक तथा सस्कृतिक रुपान्तरण"**स्वस्थ्यर सभ्य संस्कृति सामाजिक सुसम्बन्ध सुधारको नीति**" अवलम्बन गरिने छ ।
- नगर क्षेत्र भित्रका ऐतिहासिक, पुरातात्विक तथा सास्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र विकास लागि अध्ययन अनुसन्धान गर्ने तथा प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गरिने छ ।
- सामुदायिक सृजनशीलता र उद्यमशीलताको प्रवर्द्धन र विकास गरी जनसहभागितामा आधारित सामुदायिक विकास गरिने छ ।
- व्यवसायिक सीपको विकास र प्रवद्धन गरी यसलाई उद्यमशिलतासँग जोडी उद्यमशिल शहरको लागि आधार खडा गरिने छ ।
- नगरको सम्पदाको रुपमा रहेका थारु लगायत विभिन्न समुदायको कला,संस्कृति,साहित्यको प्रर्वद्धन तथा संरक्षण गरिने छ ।
- नगर भित्र विद्यमान जाति, धर्म, प्रथा, परम्परा रीति तथा संस्कारका नाममा हुने विभेद, शोषण, अन्याय अन्त्य गरी मानवतामा आधारित समाज निर्माण गर्ने नीति लिईने छ ।
- नगर क्षेत्रका विविधजातजाती समुदायको भाषा, संस्कृति,साहित्य,कला, चलचित्र सम्पदाको संरक्षण एवं प्रर्वद्धन गरिने छ ।

**बजेट तथा कार्यक्रमका प्राथमिकता क्षेत्र**

- पूर्वाधार विकास (सुधारिएको सडक)
- कृषिमा आधुनिकीकरण तथा व्यवसायिकरणको लागि विशेष जोड
- शिक्षा क्षेत्रमा गुणात्मक सुधार
- गुणस्तर तथा सर्वसुलभ स्वास्थ्य सेवामा सुधार
- सूचना प्रविधि तथा सञ्चारमा विकास
- उद्यम र सहकारीताको विकास
- मानव संसाधन र सामाजिक विकास
- पर्यटन प्रवर्द्धनको क्षेत्रमा विशेष जोड
- सामुदायिक वनको संरक्षण तथा व्यवस्थापन
- प्राकृतिक विपद व्यवस्थापन पूर्व तयारी राहत वितरण र पुर्नस्थापन, पुन:निर्माण



Scanned by CamScanner

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## १. आर्थिक विकास तर्फ:

कृषि तर्फ :

- जैविक (Organic) खेतीलाई प्रोत्साहन गरिनेछ ।
- क्वारेन्टाईन चेकपोष्ट स्थापना गरी अनियन्त्रित रुपमा आयात भै रहेका अस्वस्थ तरकारी लगायत खाद्य पदार्थ आयातमा नियन्त्रणको लागि आवश्यक पहल गरिने छ ।
- बगर खेतीलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालनमा ल्याईने छ ।
- एक वडा एक कृषि उत्पादन कार्यक्रमको अवधारणलाई अगाडि बढाउन आवश्यकता अनुसार वडामा एक जे.टि.ए. राख्ने व्यवस्थालाई निरन्तरता दिईने छ ।
- उपलब्ध स्थानीय स्रोत,श्रम सीप र पूंजीको सामुहिकरुपमा परिचालनको माध्यमबाट उत्पादकत्ववृद्धि गरीनगरक्षेत्रको दीगो र समतामुलक आर्थिक विकास गरिनेछ ।
- बनसपती खेतीका कार्यक्रमहरु संचालनमा ल्याईने छ । कुरिलो, ध्यूकुमारी, अमला, वेल, रुद्राक्ष जस्ता बनसपती खेतीलाई प्रोत्साहन दिईने छ ।
- सबै वडामा माटो परीक्षण गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- प्रत्येकघर धुरीलाई आँप,अम्बा,लिची जस्ता फलफूलका बिरुवा नि:शुल्क बितरण गरिनेछ ।आ.व. २०७६।०७७ मा एक घर २ फलफूलका बोटबिरुवा बितरण कार्यकम लागु गरिनुका साथै थप २ फलफूलका बिरुवा सम्बन्धित घरधनीले लगाउनु पर्ने अनिवार्य व्यवस्था मिलाईने छ ।
- धनगढी उप-महानगरपालिका वा.नं. १२ मा द्वारिका देवी कृषि अनुसन्धान केन्द्र स्थापना गरिने छ ।
- कृषि पेशालाई सम्मानीत, प्रतिस्पर्धी र व्यवसायिक बनाइने छ ।
- कृषिको व्यवसायीकिकरण र यान्त्रिकरणको माध्यमबाट उत्पादकत्वमा स्तर उन्नती गरी खाद्य सुरक्षा सुनिश्चित गरिने छ ।
- कृषि क्षेत्रमा यान्त्रिकरणको लागि आधुनिक कृषि औजारहरुमा अनुदानको व्यवस्था गरिने छ ।
- सिंचाई सुविधा बिस्तारको लागि अनुदानको व्यवस्था गर्दै लगिने छ ।
- युवा लक्षित कृषि कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- भुमिहिन/कम जग्गा भएकाहरुको लागि मौरीपालन, च्याउ खेती कार्यक्रम संचालन गरिने छ ।
- करेसाबारी कार्यक्रमको माध्येमबाट तरकारी उत्पादनमा जोड दिईने छ ।
- व्यवसायिक तरकारी फलफूल खेती कार्यक्रम संचालन गरी आयात कमगर्न सहयोग गरिने छ ।
- आलुको बीउ उत्पादन कार्यक्रम संचालन गरिने छ ।
- उत्पादन बृद्धिको लागि उन्नत प्रविधि सम्बन्धी तालीमहरु संचालन गरिने छ ।
- बेमौसमी तरकारी खेती कार्यक्रममा जोड दिइने छ ।
- शहरी क्षेत्रमा कौशी खेती कार्यक्रमको शुरुवात गरिने छ ।
- कृषि बीमा कार्यान्वयनमा जोड दिइने छ ।

पशु विकास सेवा तर्फ :

- सामुदायिक पशुहरुको उपचार तथा भ्यक्सीनेसन गरिने छ । साथै सामुदायिक चौपायाहरुको उचित व्यवस्थापन गरी भविश्यमा सामुदायिक चौपायाहरु रहित नगरपालिका बनाउने नीति लिईने छ ।
- नगरक्षेत्रमा व्यवस्थित पशु बधशाला निर्माण गरिने छ । हाल संचालित बधशालाहरुको उचित व्यवथापन गरी नियमित अनुगमन समेत गरिने छ ।
- पशुपंछीमा हुने विभिन्न क्षतिको जोखिम न्युनिकरण गर्न पशुपंछी बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । पशुपंछी शाखाबाट संचालन हुने अनुदानका कार्यक्रमहरुमा बिमा अनिवार्य गरिने नीति लिइने छ ।
- पशुजन्य पदार्थको उत्पादन तथा पशुको उत्पादकत्व बृद्धि गर्न पशु नश्ल सुधारलाई प्राथमिकता दिइने छ । सो का लागि गाई, भैंसी र बाखामा कृत्रिम गर्भाधान कार्यक्रमको निरन्तरता, क्षेत्र बिस्तार, प्राविधिको दक्षता बृद्धि र आवश्यक उपकरण उपलब्ध गराइने नीति लिइने छ ।
- ग्रामिण क्षेत्रका दलित, जनजाति, बिपन्न, एकल महिला, अपाङ्ग महिला आदिको लागि आयमूलक विभिन्न पकेट/प्याकेज कार्यक्रम सञ्चालन गरिने नीति लिइने छ ।
- दुध, मासु, माछा र अण्डामा आत्मनिर्भर हुन पशुपंछी व्यवसायलाई प्रवर्द्धन गरिने नीति लिइने छ ।
- माछापालनको क्षेत्र विस्तार तथा विद्यमान ताल तलैयाको उचित व्यवस्थापन गरी उत्पादकत्व बृद्धि गरिने नीति लिइने छ ।
- कृषकहरुको सीप विकास गर्न विभिन्न तालिम सञ्चालन गरिने नीति लिइने छ ।
- पशुबाट मानिसमा सर्ने (जुनोसिस) रोगहरु सम्बन्धी स्कुल शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।



Scanned by CamScanner

पर्यटन विकास तर्फ :

- कैलाली नाला, सुकुटी नाला, मोहना नदी किनारमा साइकल ट्र्याक निर्माण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- वडा नं. १३,६,४ र ५ मा रहेका सामुदायिक वन भित्रबाट बग्ने कैलाली खोला सहितको क्षेत्रलाई संरक्षण गरि सामुदायिक वनलाई स्थानीय उद्यान बनाईनुका साथै पर्यटकीय क्षेत्रका रुपमा विकास गर्ने तथा त्यसको वरिपरि साईकल ट्र्याक निर्माण गरिने छ ।
- वडा नं. ३ को सामुदायिक वन क्षेत्र देखि शिवपुरीधाम,जाखोर ताल हुँदै वेहडाबाबा सम्म विभिन्न मठ मन्दिर जोडदै सांस्कृतिक साईकल ट्र्याक निर्माण गर्ने कार्य अगाडि बढाईने छ ।
- धनगढी उप-महानगरपालिका क्षेत्रमा सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार सुविधा सम्पन्न सपिङ्ग कम्पलेक्स सहितको भ्यू टावर तथा घण्टा घरको निर्माणका लागि तयार भएको DPRअनुसार सुविधा सम्पन्न सपिङ्ग कम्पलेक्स सहितको भ्यू टावर तथा घण्टा घरको निर्माण गरिने छ ।
- नेतुवा ताल, जोखरताल, तिल्केताल, बेलाताल, वेहडाबाबाताल, चौफेरीताल, सुन्दरीताल र नथनीताल/कथनीताल लगाएत विभिन्न वडामा रहेका तालहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।
- धनगढी उप-महानगरपालिका वा.नं. ३ को आर्दश सामुदायक वनमा जडिबुटी खेतीको प्रारम्भ गरि सोही बनमा Birding Picnic Spotनिर्माण गर्ने कार्यको थालनी गरिने छ ।
- पर्यटन प्रवर्द्धनका लागि होम स्टेको नीति प्रवर्द्धन गरिने छ ।
- भादा होम स्टेलाई थप प्रवर्द्धन गरि आन्तरिक तथा बाह्य पर्यटकहरुको आकर्षक केन्द्रको रुपमा विकास गरिने छ।
- थारु संग्रहालयको प्रवर्द्धनको कार्यलाई निरन्तरता दिईने छ । यसका लागि थालिएको पूर्वाधार निर्माण छिटो सम्पन्न गरिने छ ।
- धनगढी उप-महानगरपालिकाको नेपाल भारत सीमा क्षेत्रमा रहेको गौरीफाँटा नाकामा पर्यटन प्रवर्द्धनका लागि स्थानीय मौलिकतामा आधारित स्वागत द्वार निर्माण गरिने छ ।

उद्योग तथा वाणिज्यतर्फ :

- "सबैको साथ नगरको विकास" नारा लिई समग्र नगरको विकास गर्ने नीति लिईने छ ।
- धनगढी सिटी हल तथा फूलवारी कोल्ड स्टोरको निर्माण प्रकृया अगाडि बढीसकेकोले हस्तान्तरण भै सके पछि सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार संचालनमा ल्याइने छ ।
- बसपार्क टर्मिनल भवनमा एउटा Tourism Information Deskको स्थापना गरिने छ ।
- स्वदेश तथा विदेशमा निर्यात हुने उत्पादित वस्तुमा स्थानीय करमा छुट दिने नीति अवलम्बन गरिने छ ।
- नगरक्षेत्र भित्र कालोबजारी, एकाधिकार, कृतिम अभाव सृजना गर्ने व्यवसायीलाई कार्वाही गर्न संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी अघि बढिने छ साथै बजार अनुगमनको कार्यलाई तिब्रताका साथ लागु गरिने छ ।
- नगरपालिकाको आवश्यकता र प्राथमिकताको आधारमा संघीय सरकारको स्वीकृती लिई आन्तरिक तथा वैदेशीक सहायतालिने नीति अवलम्बन गरिने छ ।
- वैदेशीक रोजगार वर्तमान अवस्थामा युवाहरुको बाध्यात्मक रोजाईरहेकाले वैदेशीक रोजगारलाई सुरक्षित, मर्यादित, उपलब्धिमुलक र व्यवस्थित बनाउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- कनरी पार्कनजिक जडिबुटी प्रशोधन केन्द्र स्थापना गरि सार्वजनिक नीजि साझेदारी अवधारणा अन्र्तगत संचालनगरिनेछ
- जग्गा विकास कार्यक्रम (Land Pooling) संचालनका लागि जमिनको खोजी गरि सुविधा सम्पन्न आवास योजना कार्यान्वयनका लागि RUDP सँग समन्वय गरी उक्त कार्य अगाडि बढाईसकेको र यसलाई निरन्तरता दिईने छ ।
- अनधिकृत रुपमा जग्गा Plotting गर्ने कार्यलाई पूर्ण रुपमा निषेध गरिने छ । यसलाई प्रचलित कानून बमोजिम गर्न/गराउन व्यवस्था मिलाइने छ ।
- आ.व.२०७६।०७७ मा एक घर एक सिप कार्यक्रम संचालनमा ल्याईनेछ ।
- गौरीफँटा नाकाको स्तरोन्नती गर्नका लागि संघीय तथा प्रदेश सरकारसँग आवश्यक सहकार्य गरि कार्य अगाडि बढाईने छ ।
- घरेलु तथा साना उद्योग र लघु उद्यम विकास कार्यक्रमलाई प्रवर्द्धन गर्ने नीति लिईने छ । कानून बमोजिम घरेलु तथा साना उद्योगहरुको नियमानुसार दर्ता र नविकरणको व्यवस्था मिलाइने छ ।
- गेटा विमानस्थलको आगमनस्थलमा स्वागत गेटको निर्माण गरिने छ ।
- स्थानीयतहमा रहेका परम्परागत सीपलाई खोजी गरी प्रवद्धन गर्दै व्यवसायिक र उद्यमशील बनाईने छ ।

सहकारी तर्फ :

- सहकारी क्षेत्रलाई प्रवर्द्धन र विकास गरी सहकारीको मूल्यमान्यता र सिद्धान्तमा आधारित सहकारी संस्थाहरुको स्थापना मार्फत विभिन्न समुदायमा रहेको पूँजी र सीप, परम्परागत ज्ञानलाई समेत उपयोगमा ल्याई आर्थिक विकासमा टेवा पुर्‍याउने नीति लिईनेछ ।



Scanned by CamScanner

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

- विषयगत सहकारीहरु, कृषि, फलफूल, दुग्ध, तरकारी र उपभोक्ता सहकारीहरुको विकासकालागि उप-महानगरपालिकाबाट सहुलियतको व्यवस्था मिलाईने छ ।
- सहकारीहरुलाई उत्पादनमुखी बनाउने कार्यमा जोड दिइनेछ । सहकारी मार्फत गरिबी न्युनीकरण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।
- स्वरोजगार सिर्जना गर्ने, श्रमिकहरुले संचालन गरेका सहकारी र विपन्न समुदायका व्यक्ति तथा महिलाहरुको आयमूलक क्रियाकलाप संचालन गर्ने सहकारी संस्थालाई मागको आधारमा बीऊ पूंजी उपलब्ध गराउनका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- उप-महानगरपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुलाई आगामी आ.व.को शुरु देखि नै सहकारी तथा गरिबी निवारण सूचना प्रणालीमा आवद्ध हुने नीति लिइने छ ।
- सहकारी संस्था संचालन तहको तालिम संचालनको लागि आवश्यक बजेट विनियोजन गरिने छ ।
- उत्पादनसंग जोडिएका सहकारीका सदस्यहरुका लागि व्यवसाय अभिवृद्धि तालीम प्रदान गरी व्यवसाय अभिवृद्धि गर्न प्रोत्साहन गरिने छ ।
- सहकारी संस्थाको व्यवसायिक कारोबारलाई पारदर्शी बनाउन आवश्यक पहल गरिने छ ।
- सहकारी संस्थाहरुको नियमन गर्न आवश्यक मापदण्ड र कार्यविधि बनाई प्रभावकारी ढंगबाट अगाडि बढाईने छ ।
- नयाँ सहकारी दर्ता भन्दा निष्क्रिय सहकारी संस्थालाई सक्रिय गराउन र पुनर्गठनमा जोड दिइने छ ।
- सबै सहकारी संस्थाहरुको तथ्याङ्क संकलन गरी सहकारी योगदानको विश्लेषण गरिने छ ।
- विभिन्न निकायबाट गठन भएका कृषक, कालिगढ, महिला तथा आमा समुहहरुलाई वित्तीय साक्षरता तथा सहकारी सचेतना सम्बन्धी अभिमुखिकरण गरी सहकारीमा आवद्ध हुने विगतको कार्यक्रमलाई निरन्तरता दिइने छ ।

## २. सामाजिक विकास तर्फ :

- धनगढी उप-महानगरपालिकाका मानवता र सामाजिक न्याय तथा सदभावको शहर निर्माण गर्न जागरण अभियान सञ्चालन गरिने छ ।
- हिंसामा परेका महिलाहरुको सुरक्षालाई मध्येनजर गरी त्यस्ता महिलाहरुका लागि अस्थायी आवासका रुपमा पुर्नस्थापना गृहको स्थापना गरिने छ ।
- नगर क्षेत्रभित्र रहेका श्रमिकहरुको आवश्यकता अनुसार क्षमता अभिवृद्धि गरिने छ ।
- आर्थिक, सामाजिक, लैङ्गिक रुपमा पछाडि परेका महिला वालवालिका, दलित, ज्येष्ठ नागरिकहरुको स्वास्थ्य सुधारमा जोड दिईनेछ ।
- सामाजिक परिचालनका माध्येमबाट गरिबी न्यूनीकरणका लागि कार्यक्रम सञ्चालन गर्दै यस क्षेत्रमा सरकारी तथा गैर सरकारी संघ संस्थाहरु बीच कार्यक्रम सञ्चालनमा समन्वय, सहकार्य तथा नियमन गर्ने कार्य गरिनेछ ।
- ज्येष्ठ नागरिकलाई सम्मानपूर्ण जीवनयापन गर्ने व्यवस्थाका लागि सुविधा सम्पन्न ज्येष्ठ नागरिक आश्रम स्थल निर्माण गरिने छ ।
- मानसिक तथा बौद्धिक अपाङ्गता भएका व्यक्ति,दुर्व्येशनि,कुष्ठरोगी,HIV AIDSबाट संक्रमित भएकाहरुका लागि मनोपरामर्शको माध्येमबाट सीपमुलक तालीम आयोजना गर्नुका साथै अपाङ्गता,कुष्ठरोग प्रतिको समाजिक दृष्टिकोणमा परिवर्तन ल्याउन विभिन्न सचेतनाका कार्यक्रम संचालन गरिने छ ।
- लागु औषध नियन्त्रणका लागि आवश्यक पहल गरिने छ । नगरपालिकालाई स्वच्छ र स्वस्थ्य बनाउन लागु औषध र दुर्व्यसन विरुद्ध सचेतना मूलक कार्यक्रम संचालन गरिने छ ।
- युवाहरुलाई स्वरोजगार मूलक तालीम तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिने छन ।
- गरीब, विपन्न, दलित,मुश्लिम, खस, आर्य, थारु,जनजाति तथा आदिवासी, अल्पसंख्यक र पिछाडिएको वर्ग तथा समुदायका महिलाहरुका लागि लोक सेवा प्रवेश परीक्षाका तयारी कक्षा सञ्चालन गरिने छन् ।
- लक्षित महिलाको सशक्तिकारणको स्तर हासिल गर्नका लागि महिला विकास कार्यक्रम, बन्चितिमा परेका महिलालाई मूलप्रभाहिकरण,समावेशिकरण र सशक्तिकरण गरी लैंगिक समानता, नेतृत्व विकास, प्रजनन स्वास्थ्य, जीवन उपयोगी शिक्षा, संस्थागत सहभागीताका लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- प्रत्येक वडामा उद्यमी सीप विकास गृहको स्थापना गरि महिला उद्यमी उत्पादनमा विषेश जोड दिईने छ ।
- निरपेक्ष गरिवीको रेखामुनि रहेका दलित, मुक्त कमैया, अति विपन्न वर्ग तथा द्वन्द्व पिडित समुदायका लागि सामुहिक आयमुलक तालीम दिई व्यावसायिक बनाउने नीति लिईने छ ।
- "वालवालिका,किशोर किशोरीसँग उपमेयर"कार्यक्रम सञ्चालन गरि नगर क्षेत्र भित्रका वालवालिका तथा किशोर किशोरीहरुको क्षमता अभिवृद्धि गर्नुका साथै लागु औषध, वालविवाह, छुवाछुत जस्ता सामाजिक विकृति तथा कुरीतिको विरुद्धमा सचेतना र जागरण अभियान संचालन गरिनेछ ।



Scanned by CamScanner

- नगरपालिका क्षेत्रमा कार्यक्रम संचालन गर्ने गैह्र सरकारी (NGO) र अन्तराष्ट्रिय गैह्र सरकारी (INGO)संस्थाहरुसंग समन्वय गरी नगरसभामा आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट पेश गर्न लगाई, संस्था सूचिकृत गर्ने र गै.स.स. द्वारा वार्षिक रुपमा संचालित कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
- प्रचलित कानून बमोजिम ध.उ.न.पा.मा संचालन हुने, हुन चाहने र भैरहेका गै.स.सं.हरुलाई अनिवार्य रुपमा ध.उ.म नगरपालिकामा दर्ता, नविकरण र नियमन हुन अनिवार्य बाध्य गरिने छ ।
- विदेशबाट फर्केका युवाहरुको सीप प्रमाणीकरण गरी त्यस्ता युवाहरुलाई सम्बन्धित क्षेत्रमा व्यवसाय सञ्चालन गर्न आवश्यक सहयोग गरिनेछ ।
- धनगढी उप-महानगरपालिका क्षेत्र भित्र हुने महिला हिंसा लगायत चेलीबेटी बेचबिखन जस्ता गैरन्यायिक कार्यहरुलाई रोक्न विशेष पहल गरिने छ ।
- धनगढी उप-महानगरपालिकाको गेटामा रहेको यस.ओ.यस. बालग्राम लगायत पारिवारिक संरक्षणबाट बञ्चित बालबालिकाहरुको संरक्षण गर्ने क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थालाई प्रोत्साहन गरिने छ ।
- विभिन्न लक्षित वर्गहरुको क्षमता अभिवृद्धिका लागि क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- आ.व. २०७५।०७६ देखि शुरु भएको किशोर बम विकास पत्रकारिता पुरस्कार रु ५१,०००। लाई निरन्तरता दिईने छ ।
- बैदेशीक रोजगारमा जाने नेपाली कामदारशुरुको बैदेशीक रोजगार यात्रालाई सुरक्षित र उपलब्धिमुलक बनाउने तथा उनीहरुको कमाई र परिवारको सुरक्षा गर्ने नीति लिईने छ । बैदेशीक रोजगारीमा जानेहरुको तथ्याङ्क संकलन समेत गरिने छ ।
- धनगढी उप-महानगरपालिकाको नगर प्रोफायल तयार गरी कार्यान्वयनमा ल्याईने छ ।

शिक्षा तर्फ :

- विद्यालय उमेरका बालबालिकालाईअनिवार्य तथा निःशुल्क गुणस्तरीय आधारभुत शिक्षाको सुनिश्चितता गर्दै आधारभुत शिक्षा पुरा गरेकालाई माध्यमिक शिक्षाको पँहुच सुनिश्चित गरी सबै प्रकारका बालबालिकालाई विद्यालय शिक्षाबाट बन्चित हुन नपर्ने वातावरण सुनिश्चित गरिने नीति लिईने छ ।
- "असहाय र बिपन्न संग मेयर"कार्यक्रम अन्तरगत सामुदायिक विद्यालयहरुमा अध्ययनरत असहाय र विपन्न बालबालिकालाई मासिक रुपमा स्टेशनरी एवं आवश्यकता अनुसार विद्यालय पोशाक उपलब्ध गराइने छ ।
- एक वडा एक नमूना सामुदायिक विद्यालय स्थापना नीति अवलम्बन गर्ने र आ.व.२०७५।०७६देखिको एउटा विद्यालयको छनौट गरी कार्यक्रमहरु लागु गरिने नीतिलाई निरन्तरता दिईने छ ।
- फरक क्षमता भएका बालबालिकाहरुलाई नमूना आवासीय विद्यालयको स्थापना गर्ने कार्यलाई अगाडि बढाईनुका साथै विद्यालयमा अपाङ्गमैत्री वातावरण सिर्जना गरिने छ ।
- माध्यमिक तहका विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक शिक्षा पद्दतिलाई प्राथमिकता दिईने छ ।
- सबै सामुदायिक विद्यालयमा अंग्रेजीका अतिरिक्त गणित र विज्ञान विषयलाई समेत अंग्रेजी माध्येममा पढाउने व्यवस्थाका लागि आवश्यक पहल गरिने छ ।
- "छात्रामैत्री विद्यालय वातावरण" विशेष कार्यक्रम लागु गरिने छ ।
- मेयर कप फूटबल प्रतियोगिताको आयोजना गरिनुका साथै नगरमा खेलकुद क्षेत्रलाई थप प्रभावकारी बनाउने नीति अवलम्बन गरिने छ ।
- गुणस्तरिय शिक्षाका लागि तालीम, कार्यशाला गोष्ठी आदिको माध्येमबाट विद्यालयका सरोकारवाला, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, शिक्षकहरु तथा अभिभावकहरुलाई विषयगत रुपमा क्षमता अभिवृद्धि गरिने छ ।
- सबै बालबालिकाहरुलाई विद्यालयको पहुँचमा विस्तार गर्नुका साथै अर्थपूर्ण सिकाईको माध्यमबाट गुणात्मक शिक्षा प्रदान गरिने छ ।
- वस्तुनिरठ मूल्याङ्कनका विधिहरुको आधारमा सबै प्रकारका विद्यालय स्तरीय परीक्षाहरु व्यवस्थित गरिने छ ।
- पाठ्यक्रममा आधारित क्रियाकलाप तथा अतिरिक्त क्रियाकलापको माध्यमबाट बालबालिकाहरुको अन्तरनिहित प्रतिभा प्रष्फुटन गरी सर्वाङ्गीण विकासमा टेवा पुऱ्याइने छ ।
- सामुदायिक विद्यालय एवं शिक्षणसंस्थाहरुको पुर्वाधार विकास एव कक्षाकोठा शिक्षण सिकाईलाई समयानुकुल थप प्रविधियुक्त एवं प्रभावकारी बनाईने छ ।
- सामुदायिक सिकाई केन्द्र मार्फत साक्षर महिला समुह गठनका माध्येमबाट आयआर्जनका कार्यक्रम संचालन गरी गितिहरुको शैक्षिक तथा आर्थिक स्तर वृद्धि गरिने छ ।
- विद्यालयको पहुच बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा "भिकाउ, टिकाउ र सिकाउ" को नाराका साथ विद्यार्थी भर्ना अभियान संचालन र अनौपचारिक शिक्षाका थप कक्षा संचालन गरी पूर्ण साक्षर उप-महानगरपालिका घोषणा गरिनेछ ।



Scanned by CamScanner

स्वास्थ्य तर्फ :

- "योग गरौ स्वस्थ बनौ" भन्ने नाराका साथमा प्रत्येक वडामा योग शिविर संचालन गरिने छ साथै प्रत्येक वडामा योग साधना केन्द्रको स्थापना समेत गरिने छ ।
- नगरका विद्यालयमा स्वास्थ्य सम्बन्धी शिविरहरु थप अन्य सम्बन्धित कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- धनगढी उप-महानगरपालिकाको सबै वडामा आयुर्वेद स्वास्थ्यकर्मीको व्यवस्थापन तथा आयुर्वेद औषधी निःशुल्क रुपमा उपलब्ध गराईने छ ।
- नगरवासीको छिटो छरितो स्वास्थ्य उपचारका लागि २ वटा एम्बुलेन्स आ.व.२०७६।०७७मा खरिद गरी संचालनमा ल्याईने छ ।
- हालसम्म गरीब असहाय तथाआर्थिक अवस्था कमजोर भएका व्यक्तिलाई निःशुल्क रगत उपलब्ध गराउदै आएकोमा सो कार्यलाई निरन्तरता दिईने छ । निःशुल्क रगत वितरण कार्यलाई प्रभावकारी बनाउन रगत दातालाई रेडक्रसको सिफारिसमा फलफूलको जुस वितरण गर्ने जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिईने छ ।
- महिला स्वास्थ्यको सम्वेदनशिलतालाई ध्यानमा राखी नगरका बिभिन्न वडाहरुमा स्वास्थ्य सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने नीतिअवलम्बन गरी समय समयमा विशेषज्ञ स्तरिय स्वास्थ्य शिविरहरु सञ्चालन गरिने छ ।
- संविधानका उल्लिखित मौलिक अधिकारका रुपमा रहेका स्वास्थ्य सम्बन्धि अधिकारलाई सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवाहरु सबै नगरवासीमा पुऱ्याईने छन् ।
- नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न स्वास्थ्य केन्द्र तथा असपतालहरुमा Electronic Medical Record (EMR)प्रणाली लागु गरिने छ ।
- थारु जातिमा देखिने सिकलसेल इनिमिया रोगको पहिचान गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरी त्यस किसिमका बिरामीका लागि औषधी उपचारको व्यवस्थामा निरन्तरता दिईने छ ।
- संघीय सरकार तथा प्रादेशिक सरकारसंग समन्वय गरी सुदूरपश्चिम प्रदेशको एक मात्र ठूलो अन्चल अस्पताललाई प्रादेशिक अस्पतालको रुपमा स्तरोन्नतीका लागि आवश्यक पहल गरिनेछ ।
- स्वास्थ्य बिमा योजना कार्यक्रमलाई थप व्यवस्थित गरी पूर्ण रुपमा बिमा कार्यक्रम संचालन गरिने छ ।
- जनस्वास्थ्य प्रवर्द्धनका लागि महिला स्वय सेविकाहरुलाई थप परिचालन र व्यवस्थित गर्न आवश्यक सुविधामा बृद्धी गरिने छ ।
- आधारभूत स्वास्थ्य सेवा सम्पूर्ण वडाहरुमा आ.व. २०७६/०७७ सम्म पुऱ्याइने छ ।
- थप शहरी स्वास्थ्य केन्द्रहरुको स्थापना तथा सञ्चालन गरिने छ ।
- बेली शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा कुपोषण व्यवस्थापन कार्यलाई निरन्तरता दिईने छ ।
- स्वास्थ्य संस्थाहरुमा आर्थिक तथा सामाजिक लेखापरीक्षणलाई निरन्तरता दिइने छ ।
- गाउँघर क्लिनिक स्थापना तथा सञ्चालनलाई निरन्तरता दिइने छ ।
- बेली शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा भिडीयो एक्सरे सहितको बर्थिङ सेन्टर आ.व. २०७६/७७ को पहिलो चौमासिक सम्ममा स्थापना तथा सञ्चालन गरिने छ ।
- समयमा नै औषधी तथा खोपको आपूर्ति व्यवस्थाको सुनिश्चितता गरिने छ ।
- कैलाली भन्सारको गौरीफँटा नाकामा हेल्थ डेस्कको स्थापना गरी औलो तथा एच.आई.भि.को रगत परीक्षण लगायत अन्य स्वास्थ्य सेवाको सेवा प्रवाहलाई निरन्तरता दिइने छ ।
- घना बस्ती भएको शहरी बस्तीमा थप १ वटा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको स्थापना गरिने छ ।
- हरेक वडामा कम्तिमा १ वटा कुपोषण व्यवस्थापन केन्द्रको स्थापना तथा संचालन गरिने छ ।
- स्थानीय तहको स्वास्थ्य शाखामा भ्याक्सिन तथा औषधी भण्डारण कक्षको व्यवस्थापन गरिने छ ।
- स्वास्थ्य शाखामा दरवन्दि बमोजिमको स्वास्थ्य कर्मीको व्यवस्था गरिने छ ।
- जनप्रतिनिधी र स्वास्थ्य शाखासंग समन्वयको व्यवस्था मिलाइने छ ।
- स्वास्थ्य कर्मीहरुका लागि विभिन्न तालीमको व्यवस्था गरिने छ ।
- स्वास्थ्य शाखामा भौतिक सामाग्री तथा रेकर्डिङ, रिपोर्टिङको अभाव तथा समस्या तथा
- आवश्यक स्वास्थ्य सम्बन्धि उपकरण तथा अन्य भौतिक सामाग्री तथा रेकर्डिङ, रिपोर्टिङको अभाव तथा समस्या तथा बिजुली, बत्ती, खानेपानी तथा ईन्टरनेट, ई.रिपोर्टिङको समस्या समाधानको लागि आवश्यक पहल गरिने छ ।
- आवश्यक औषधी खरिद प्रकृयामा सरलीकरण गरी औषधि आपूर्ति व्यवस्थालाई सुनिश्चित गरिने छ ।
- स्वास्थ्य कार्यक्रम सहज रुपमा सन्चालन गर्न आवश्यक व्यवस्था मिलाईने छ ।
- निरन्तर रुपमा स्वास्थ्य संस्थाहरुको अनुगमन तथा सुपरीवेक्षणको व्यवस्था मिलाइनेछ ।
- स्वास्थ्य शाखालाई भौतिक सामाग्री सहित लजिष्टिक सपोर्टको व्यवस्था मिलाईने छ ।
- पूर्ण खोप नगरपालिका तथा वडा घोषणा कार्यक्रमका लागि बजेट तथा कार्यान्वयनको लागि स्थानीय स्तरको अगुवाईलाई सुनिश्चित गरिने छ ।



Scanned by CamScanner

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

- स्वास्थ्य कार्यक्रम सञ्चालनमा नेपाल सरकारको अनुदान तथा उप-महानगरपालिकाबाट विनियोजित बजेट सहज रुपमा उपलब्ध गराई कार्यक्रम सम्पन्न गर्न आवश्यक सहजीकरण गरिने छ।
- धनगढी उप-महानगरपालिकामा बसोबास गर्ने आम नगरवासीको दीगो स्वास्थ्य व्यवस्थाको लागि विभिन्न सर्ने र नसर्ने रोगहरुको पहिचान गरी निदान गर्न प्राविधिकहरु कार्यक्षेत्रमा खटाइ अध्ययन, अनुसन्धान गर्न लगाईने छ।
- औषधी भण्डारण व्यवस्थाको लागिआवश्यक पहल गरिने छ।
- स्वास्थ्य सम्बन्धित फोहोर उत्सर्जनको उचित प्रबन्धको लागि आवश्यक नीति तय गरिने छ। स्वास्थ्य उपचार तथा स्वास्थ्य क्षेत्रबाट उत्सर्जन भएको फोहोर व्यवस्थापनको लागि तालीमको व्यवस्था गरिने छ। नगरपालिकामा संचालित नीजी क्षेत्रका अस्पतालहरुलाई फोहोर व्यवस्थापनकोलागि कार्ययोजना माग गरिने छ। यो व्यवस्था नीजी स्वास्थ्य क्लिनिक र सरकारी क्षेत्रका अस्पतालहरुलाई समेत लागु गरिने छ।
- नीजी क्षेत्रका अस्पताल तथा फार्मेसीहरुको नियमन, दर्ता तथा नविकरणको लागि प्रचलित कानूनमा भएको व्यवस्था कार्यान्वयन गर्न कडाई गरिने छ।
- नीजी अस्पताल दर्ता, नविकरण र नियमनकोलागि स्थानीय सरकारलाई प्राप्त जिम्मेवारीका बारे स्पष्ट हुन प्रदेश सरकार र संघ सरकारसँग समेत आवश्यक समन्वय गरिने छ।
- समाजमा देखिएको छिटो विवाह गर्ने र छिटो बच्चा जन्माउने समस्यालाई समाधान गर्नकोलागि जनचेतनामुलक कार्यक्रम एवं जनसंख्या शिक्षा कार्यक्रम संचालन गर्ने नीति लिइने छ।
- वृद्ध वृद्धाको मानसिक र शारीरिक स्वास्थ्यको लागि आवश्यक तालीम कार्यक्रम, स्वास्थ्य शिविर संचालन गरिने छ।
- नगरपालिका क्षेत्रभित्रका मानव स्वास्थ्यमा लकेको टि.बि. रोग, कुष्ठ रोग जस्ता समस्या पहिचान गरी निदानकोलागि आवश्यक व्यवस्था गरिने छ।
- समाजमा व्याप्त बाल कुपोषण, महिलाहरुको रक्त अल्पता, नसर्ने रोगहरुको व्यापकता, प्रजनन स्वास्थ्य लगायतका क्षेत्रमा नगरपालिकाको विशेष ध्यान दृष्टि पुग्ने छ। सो का लागि आवश्यकता अनुसार बजेट विनियोजन गरी कार्यक्रमहरु सञ्चालन गरिने छ।

संस्कृति प्रवर्द्धन तर्फ :

- नगर क्षेत्र भित्रका ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण तथा विकासमा जोड दिने नीतिलाई निरन्तरता दिईनेछ।
- बहुल संस्कृति एवं सम्पदाहरुको संरक्षण, मौलिक संस्कृतिको जर्गेना, सांस्कृतिक पर्यटन प्रवर्द्धन र सबै समुदायको धार्मिक एवं सांस्कृतिक मूल्य मान्यताको अभिवृद्धि गर्ने वातावरणको सिर्जना गर्ने नीति लिइने छ।
- आ.व. २०७६।०७७ मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नगरहरुसँग भगिनीको सम्बन्ध कायम गर्ने निति अवलम्बन गरिने छ।
- नगरपालिकाको पार्श्वचित्र (Profile) तयार गर्नका लागि क्षेत्रीय शहरी विकास आयोजनाको सहयोगमा कार्य अगाडि बढी सकेकोले २०७६।०७७ मा कार्यान्वयनमा ल्याईने छ ।

## ३. पूर्वाधार विकास तर्फ:

- नगर क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागि मर्मत सम्भार कोषको व्यवस्था गरिएको छ। निर्माण भैसकेका सडकहरुको स्तरोन्नती गर्दै लगिने छ।
- विशेष गरी शहरी क्षेत्रमा सडक निर्माण गर्दा सर्वप्रथम पक्की नाली निर्माण गरेर मात्र कालोपत्रे सडक निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ। फुटपाथ सहितको शहरी सडकको निर्माण गर्ने कार्यको थालनी गरिने छ।
- उपभोक्ता समिति मार्फत निर्माण हुने आयोजनाहरुमा कालोपत्रे तथा पक्की सडक निर्माण तथा मर्मत कार्यमा जनसहभागिताको लागत साझेदारीको अनुपात ८०:२० अनुसार कार्य गरिने छ ।ग्राभेल, माटो फिलिङ्ग जस्ता कार्यमा ७०:३० र तटबन्धन, ईंट्टा, ढुङ्गाबाट भवन निर्माणमा जनसहभागिता लागत साझेदारी ९०:१० को अनुपातमा गर्ने कार्यलाई निरन्तरता दिईने छ।
- २०७६।०७७ मा नगर यातायात गुरुयोजना Municipal Transportation Master Plan (MTMP) लागु गरिने छ।
- उप-महानगरपालिका क्षेत्र भित्र चक्रपथ निर्माणलाई प्राथमिकता दिनुका साथै Municipal Transportation Master Plan(MTMP)मा परेका मुख्य सडकहरुको विस्तार एवं स्तरोन्नती गरिने कार्यलाई निरन्तरता दिँदै सुविधा सम्पन्न नगर यातायात सेवाका लागि नगर बस सेवा सञ्चालन: विद्युतिय बस सेवा सञ्चालनका लागिआवश्यक पहल गरिने छ।
- धनगढी उप-महानगरपालिका नगर कार्यपालिका कार्यालयले प्रदान गर्ने सेवा सुविधालाई चुस्त दुरुस्त तथा प्रभावकारी सेवा प्रदान गर्न हालको संगठन संरचना अनुसार कार्यकक्षको अभाव भएकोले सुविधा सम्पन्न कार्यालय भवन निर्माणको थालनी गरिएको छ। नगरपालिकाका वडा कार्यालयका भवन क्रमश: निर्माण गर्ने गरी यस वर्ष वडा नं. १३ र १६ मा वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न भएको छ। २०७५/०७६मा थप दुई वडामा वडा कार्यालय भवन निर्माण गर्ने कार्यको थालनी गरिएकोमा क्रमश: सबै वडामा वडा कार्यालय भवन निर्माण कार्यलाई निरन्तरता दिईने छ।



Scanned by CamScanner

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

- एकिकृत शहरी विकास योजनाको कार्यलाई निरन्तरता दिईने छ ।
- वडा नं ३ को चटकपुर र विशालनगरको बीचमा रहेको नेत्वा तालमा Water parkनिर्माण कार्यको Detail Project Report (DPR)तयार भै सकेकोले Detail Project Report (DPR) अनुसारको कार्यलाई अगाडी बढाईने छ ।
- भू-उपयोग नीति अवलम्बन गर्दै नगरपालिका क्षेत्रमा रहेका अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्नअध्ययन गरिने छ । लालपुर्जा तयार भैसकेका जमिनको लालपुर्जा वितरण गर्ने कार्यको थालनी गरिने छ ।
- धनगढी उप-महानगरपालिकाको १७ वटा वडामा खानेपानी आयोजना शुरु गरिएको छ । आगामी दिनमा अन्य वडाहरुमा पनि शहरी खानेपानी आयोजना शुरु गरिदै लगिने छ ।
- अपाङमैत्री भवन निर्माण,बालमैत्री भवन निर्माण र Child Care Center बनाउन आवश्यक पहल गरिनुका साथै शिशुलाई स्तनपान गृहको व्यवस्था सहितको भवन निर्माण गर्ने नीति लागु गरिने छ ।
- रु दश लाख भन्दा कम लागतका योजनाहरुको सम्झौता, जाँचपास र फरफारक गर्ने काम वडा कार्यालयबाटै हुने व्यवस्था मिलाईने छ ।
- सार्वजनिक विकास निर्माणको कार्यलाई समय भित्रै सम्पादन गर्न स्वीकृत योजना बमोजिम त्यसको ठेक्का बन्दोबस्त गर्ने कार्यलाई व्यवस्थित तथा पारदर्शी बनाउने,कार्यसम्पादन नगरी ठेक्का अवधि लम्ब्याउने,शुरुको स्वीकृत रकममा अनावश्यक थप व्यय भार पार्ने र अन्त्यमा विभिन्न बहानामा कार्यसम्पादन नहुने प्रवृतिको अन्त्य गर्ने व्यवस्था मिलाईने छ ।
- नगरपालिकामा सरकारी, गैरसरकारी तथा निजी घर, भवन निर्माण गर्ने निर्माण व्यवसायीलाई निर्माण व्यवसायी समितिसंगको सहकार्यमा भवन निर्माण सम्बन्धी तालिम प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- सार्वजनिक विकास निर्माणको कार्यलाई समय भित्रै कार्य सम्पादन नगर्ने निर्माण व्यवसायीलाई कार्यविधि बनाई साबिकको काम सम्पन्न गरेर मात्र थप नयाँ काममा सहभागी हुने व्यवस्था मिलाईने छ ।
- यस नगरपालिका क्षेत्र भित्र निर्माण हुने भवनहरुमा सौर्य उर्जा प्रविधि तथा वर्षाको पानी संकलन प्रविधि जडान गर्नका लागि प्रोत्साहन गरिने छ ।
- नगरपालिका क्षेत्रभित्र बन्ने प्रत्येक सार्वजनिक तथा सरकारी भवनलाई अपाङ्गमैत्री बालमैत्री बनाउनुका साथै बनी सकेका भवनहरुमा पनि अपाङ्ग मैत्री,बाल मैत्री बनाउन प्रोत्साहन गरिने छ ।
- धनगढी उप-महानगरपालिकाका कच्ची सडकहरुलाई ग्रेभल सडक सहित खाल्डा खुल्डी रहित उप-महानगरको परिकल्पना सहितकाकार्यको थालनी गरिने छ ।
- नगरक्षेत्रभित्र सडक किनारामा रहेका निजी स्वामित्वकाभौतिक संरचनाहरुको केही भाग सडक विस्तारका क्रममा सडकको अधिकार क्षेत्र भित्र पर्न गएको खण्डमा स्वयं घरधनीले भौतिकसंरचनाहरु भत्काएमा उक्त घर धनीको घर नक्सापास शुल्क तथा सम्पत्तिकर मिनाहागरिने छ । त्यस्ता घर धनीहरुको सम्मान सहीत घरको मोहडामा हरित रङरोगन समेत गरिदिने व्यवस्थालाई निरन्तरता दिईएको छ ।
- धनगढीको गेटामा रहेको विमान स्थललाई अन्तर्राष्ट्रिय विमानस्थलकारुपमा निर्माण तथा सञ्चालन गर्न संघीय सरकार तथा प्रादेशिक सरकारसंग आवश्यक पहल गरिने छ ।
- संघीय सरकार तथा प्रादेशिक सरकारसंग समन्वय गरी धनगढी स्थित फाप्ला क्रिकेट मैदानलाई अन्तर्राष्ट्रिय स्तरको क्रिकेट मैदान बनाउन पहल गरिने छ ।
- धनगढी उप-महानगरपालिकाका सम्पूर्ण वडाहरुमा बालविकास केन्द्र स्थापना गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई सबल बनाउन वडा तह सम्म योजना तर्जुमा क्षमता अभिबृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- योजनाहरुको कार्यान्वयन तथा व्यवस्थापन प्रणाली व्यवस्थित बनाउनका लागि उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना कार्यान्वयन पूर्व नै आवश्यक तालीम प्रदान गर्ने कार्यलाई निरतन्तरता दिईने छ ।
- सेवा प्रवाहलाई गुणस्तरीय तथा प्रभावकारी बनाउन नगरपालिका कार्यालय तथा वडा कार्यालयहरुलाई स्रोत साधनले सम्पन्न गरिने छ ।
- एक वडा एक खेल मैदानको अवधारणा लिईएको छ ।
- नयाँ बसपार्क निर्माणका लागि सार्वजनिक निजी साझेदारी ऐन अनुसार संचालनमा ल्याईने छ ।
- ५० लाख भन्दा ठूला आयोजनाहरुको आवश्यक Material तथा कार्यको Lab Testगर्ने व्यवस्थाको शुरुवात गरिने छ ।
- ५० लाख भन्दा ठूला आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन भएमा अन्तिम भुक्तानी दिदा ५% उ.म.न.पा. अनुदानबाट र ५% उपभोक्ताको सहभागिताबाट कट्टा गरी धरौटी स्वरुप खातामा रोक्का राखि मर्मत सम्भार अवधि पछि मात्र फुकुवा गरिने छ ।
- नगर यातायात गुरु योजना (Municipal Transportation Master Plan) लाई अद्यावधिक गर्ने र नगर यातायात गुरु योजना (Municipal Transportation Master Plan ) अनुसार सबै वडाहरुलाई सडक अधिकार क्षेत्र र भवन निर्माण मापदण्ड सम्बन्धी अभिमुखिकरण गरिने छ ।



Scanned by CamScanner

- उपभोक्ता समिति गठन गर्दा प्रत्येक आ.व.मा लगातार एउटै व्यक्ति उपभोक्ता समितिको अध्यक्ष हुन नपाउने व्यवस्था मिलाईने छ ।
- उपभोक्ता समिति गठन गर्दा निर्माण व्यवसायी, बहालवाला शिक्षक, बहालवाला कर्मचारी, जनप्रतिनिधीहरुलाई उपभोक्ता समितिका पदाधिकारीमा राख्न नपाउने व्यवस्था कडाइका साथ लागु गरिने छ ।
- नगर स्तरीय/प्रादेशिक/संघीय बजेटबाट स्विकृत हुने सडक आयोजनाहरुमा सडक मापदण्ड कम्तीमा ६ मीटरको हुने व्यवस्था लागु गरिने छ । लागत सहभागिताको हकमा तपशिल बमोजिमको मापदण्ड कायम गरिने छ ।
    - ढुङ्गा जोडाई, ईंट्टा जोडाई, सिमेन्ट कंक्रीट जस्ता काममा १०%
    - कालोपत्रे सडक कंक्रीट सडक ग्याबिन कार्य निर्माणमा २०%
    - माटो भर्ने, काट्ने, ग्रेभल गर्ने जस्ता कार्यहरुमा ३०%
- कालोपत्रे सडकहरुको डिजाईन/ईष्टिमेट गर्दा ट्राफिक भार क्षमतालाई आधार मानी सडकको वर्गीकरण गरिने छ । यो कार्यका लागि Refrence को रुपमा नगर यातायत गुरु योजना(Municipal Transportation Master Plan)लाई आधार लिइने छ ।
- नगर स्तरीय योजना छनौट गर्दा क्रमागत योजनालाई पहिलो प्राथमिकता दिइने छ । सडक योजनाको हकमा Connectivity लाई बिशेष प्राथमिकतामा राखिने छ ।
- टिपर र लोडर सन्चालन गर्न यस आ.व. देखि समिति गठन गरी समितिको रेखदेखमा संचालन गर्ने व्यवस्था मिलाइने छ ।
- लागत सहभागितामा आधारित विकास कार्यक्रमको व्यवस्था गरी साना पूर्वाधारका कार्यक्रमहरुको कार्यान्वयनकालागि कार्यविधि बनाई सन्चालन गरिने छ ।
- कार्यविधिको आधारमा निम्न योजना सन्चालनमा सहजीकरण गरिने नीति लिईने छ ।
    - छुटेका योजना
    - वर्षको बीचमा अपुग हुने योजना
    - श्रोत परिचालन भै आएका योजना
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद र धनगढी उप-महानगरपालिका धनगढी, कैलालीको साझेदारी मोडलमा निम्न उल्लिखित कार्यक्रमहरु आगामि आ.ब. २०७६।०७७ मा सन्चालन गरिने छ ।

    तपशिल :
    - तीन वर्षे वनविज्ञान सम्वन्धि अध्ययन
    - तीन वर्षे कम्प्यूटर इंन्जिनियरिङ्ग अध्ययन

## ४. वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ :

- नगरको वातावरण स्वच्छताका लागि गत वर्ष १५ हजार बोटबिरुवा रोप्ने कार्य सम्पन्न भैसकेको छ । आगामी आ.व.मा विभिन्न जातका १५०,०००(एक लाख पचासहजार) बोटबिरुवाहरुरोप्ने कार्यक्रम अगाडी बढाईने छ ।
- नगर क्षेत्र भित्रका मुख्य सडकहरुको दायाँ बाँया हरियाली एवं सौन्दर्य बढाउन बृक्षारोपण तथा संरक्षण गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- घरबाट निस्कने जैविक फोहोरबाट बायोउर्जा तथा मल उत्पादन कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- खोलानालाको किनारामा भएको अतिक्रमण हटाई खाली जग्गामा साईकल पथ तथा हरियाली पार्क निर्माण कार्यको थालनी गरिने छ ।
- धनगढी उप-महानगरपालिका अन्तर्गत वडा नं. ४, ५, ६, १३ को मानव बस्तीको बिचमा पर्ने ऐलानी, प्रति, सार्वजनिक जग्गामा रहेको वनलाई बृहद धनगढी पार्क निर्माणका लागि Detail Project Report (DPR) तयार गरी अगाडी बढिने छ ।
- यस उप-महानगरपालिका ग्रामिण क्षेत्रहरुमा बायोग्यासको सान्दर्भिकता सम्वन्धिजनचेतनाजगाई गोबर ग्यास प्लान्टमा अनुदानको व्यवस्था गरिने छ ।
- मुख्य शहरी क्षेत्रलाई सुन्दर र व्यवस्थित गर्नका लागि पार्किङ्ग स्थलको व्यवस्था गर्न ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाइने छ । नगरकादुई वटा स्थानमा पार्किङ्गस्थलकोथालनी गरिएकोमा अन्य स्थानमा समेत पार्किङ्ग स्थलकोनिर्माण गर्ने कार्य थालनी गरिने छ ।
- बिभिन्न वडामा नदी कटान रोक्न जैविक तटबन्धनको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- फोहर प्रशोधन केन्द्रका लागि आवश्यक जग्गा खरिद गरी क्षेत्रीय शहरी विकास आयोजनाको सहयोगमा उक्त प्रशोधन केन्द्रको निर्माण कार्यलाई अगाडी बढाईने छ ।
- धनगढी उप-महानगरपालिका क्षेत्रभित्र चिडिया घर निर्माण गर्ने कार्यका लागि सम्भाव्यता अध्ययन गरिने छ ।



Scanned by CamScanner

- धनगढी उप-महानगरपालिका क्षेत्र भित्र प्राकृतिक प्रकोप तथा विपत व्यवस्थापनका लागि विपत व्यवस्थापन सम्बन्धि गुरुयोजना २०७० अनुसार कार्य गरिने छ । यसको लागि आवश्यकता अनुसार कार्यपालिकाबाट कार्यविधि समेत बनाई अगाडि बढिने छ ।
- धनगढी उप-महानगरपालिका भित्र आपतकालिन विपद व्यवस्थापन केन्द्र स्थापना गर्न (Emergency Operation Center) स्थानको पहिचान गरी कार्यान्वयनमा ल्याईने छ ।
- सबै वडाहरुमा अनिवार्य विपद व्यवस्थापन कोषको स्थापना गरी कोष सञ्चालन ल्याईएकोमा यसलाई निरन्तरता दिईने छ ।
- हावाहुरी प्रभावित परिवारका लागि आय आर्जन कार्यक्रम सञ्चालन गरिने छ । परिवारको छनौट र निर्णयको लागि वडा कार्यालयको सिफारिसलाई आधार मानिने छ ।
- हावाहुरीबाट क्षति भएका स्कुलहरुको छाना मर्मत तथा निर्माणका लागि आवश्यक पहल गरिने छ । नगरपालिकाको आन्तरिक आय एवं प्रदेश सरकार र संघीय सरकारसँग समेत बजेटको व्यवस्था गर्नका लागि आवश्यक समन्वय र सहकार्य गरिने छ ।
- हावाहुरीबाट प्रभावित परिवारहरुको राहतको लागि राहत वितरण कार्यविधि नगर कार्यपालिकाको बैठकद्वारा तय गरी सकिएको छ । हावाहुरीले प्रभावित परिवारलाई तत्काल खान बस्नको व्यवस्था गर्न नगरपालिकाको तर्फबाट खानको लागि आवश्यक मात्रामा अन्नपातको व्यवस्था गरियो । प्रभावित परिवारहरुलाई राहत वितरणको लागि क्षतिको वर्गिकरण समेत गरी राहत उपलब्ध गराउन धनगढी नगरकार्यपालिकाले स्रोत र साधन जुटाउन लागि परेको छ । नगरपालिकाको आफ्नो आन्तरिक आयले नभ्याएकोले सहयोगको लागि विभिन्न संघ संस्था एवं वित्तिय संस्थाहरु, नेपाल रेडक्रस सोसाइटी,गैर-आवासीय नेपालीहरुको संस्थाहरुसँग समेत सहयोगको आव्हान गरिएको छ । यस अभियानलाई निरन्तरता दिईने छ ।
- प्रभावितलाई तत्काल राहत पुर्‍याउन नगरपालिकाको प्रकोप व्यवस्थापन कोषबाट व्यवस्थापन गर्न आवश्यक रकम पेश्कीमा निकालिएको छ । २०७६।०२।२२ को विनाशकारी हावाहुरीले धनगढी उप-महानगरपालिकाका नगरवासीलाई बासिन्दाहरु अन्यत्रका भन्दा बढी प्रभाव पारेको छ । यसमा प्रभावित नगरवासीलाई राहत उपलब्ध गराउन क्षत विक्षत भएका सार्वजनिक पूर्वाधारहरु विशेष गरी सामुदायिक विद्यालयको मर्मत संभार गर्न हाम्रो धनगढी उप-महानगर कार्यपालिका दत्तचित्त छौं । तथापि हाम्रो स्थानीय स्रोत र साधनको सिमितताले चाहेर पनि अपेक्षा अनुसार गर्न नसकेको अवस्था छ । भविष्यमा थप श्रोत र साधन जुटाउन प्रदेश र संघीय सरकारसँग अनुरोध गर्ने र अवस्था अनुसार स्थानीय प्रतिनिधिहरु सहितको डेलिगेशन जाने समेत हाम्रो नीति रहने छ ।

## ५. सुशासन तथा संस्थागत विकास तर्फः

**मानव संसाधन विकास तर्फ :**

- कर्मचारीहरुको मनोबल उच्च राख्न तथा उनीहरुको कार्यको प्रोत्साहन गर्न कार्य सम्पादनका आधारमा पुरस्कृत गरिने नीतिलाई निरन्तरता दिईने छ ।
- जननिर्वाचित पदाधिकारीहरु तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न तालीमहरु तथा अभिमुखीकरण कार्यक्रमहरुलाई निरन्तारता दिईने छ ।
- निर्वाचित जनप्रतिनिधीहरु तथा कर्मचारीहरुलाई विकास निर्माणका कार्य लगायत अन्य प्रशासनीक कार्यको अनुभव आदान प्रदान गर्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय अवलोकन भ्रमणको व्यवस्था गरिने छ ।
- स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई विशेष व्यवस्था गरी ऐन अनुसार वृति विकासका अवसरहरु उपलब्ध गराईने छ ।
- नगरपालिकाबाट संचालन हुने सीप विकास, क्षमता विकास र नेतृत्व विकास जस्ता मानव संसाधन विकासका तालीमहरु संचालन गर्दा पूर्ण रुपमा तालीमको उपादयेता, गुणस्तरियता प्रति ख्याल गरिने छ । तालीम केवल तालीमका लागि मात्र नभै यसको दिगोपन र प्रभाव अध्ययनको आधारमा तालीम कार्यक्रम संचालन गरिने छ ।
- साना टुक्रे तालीम र गोष्ठिको सट्टा ठोस कार्यको लागि ठोस उद्देश्य प्राप्ति हुने तालीमहरु सञ्चालन गरिने छ । कर्मचारी, जनप्रतिनिधि र लक्षित समुहहरुलाई सीप विकास तालिम, व्यवस्थापकिय र नेतृत्व विकास तालीम उपलब्ध गराईने नीति लिईएको छ ।
- तालीमको गुणस्तरीयताको विश्वस्तताका लागि तेश्रो पक्षबाट गुणस्तरीयता परीक्षणको व्यवस्था मिलाईने छ ।

**प्रशासन सुधार तर्फ :**

- संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयको अस्थायी दरबन्दि संरचनाको आधारमा यस धनगढी उप-महानगरपालिकामा महाशाखा, शाखाहरुको संरचना खडा गरिने छ ।



Scanned by CamScanner

- कर्मचारी प्रशासनलाई चुस्त, दुरुस्त बनाउनका साथसाथै समयसापेक्ष बनाउन ICT मैत्री बनाउदै लगिने छ।
- राज्यको नीतिलाई अनुशरण गर्दै प्रशासनीक कार्यमा Automation तथा e-governance लाई Promotion गर्दै लगिने छ।
- स्थानीय सरकारको समग्र प्रशासन सुधार तथा समय सापेक्ष निकासका लागि नेपाल सरकारले जारी गरेका सबै प्रशासन सुधार आयोगका सुझावहरुलाई स्थानीय स्तरमा आन्तरीकरण गरी कार्यान्वयन गरिने छ।
- Organizational chart अनुसार कर्मचारीहरुको व्यवस्थापन गरी समग्र प्रशासन सेवा छिटो छरितो गर्दै जाने रणनीति सुनिश्चित गरिने छ।
- सेवा करारमा कार्यरत कर्मचारिको प्रकृतिहेरी सेवा सुविधामा एकरुपता गरी सेवा प्रवाहलाई सरल र गुणस्तरीय बनाइने छ।
- सदाचार नीतिलाई प्रवद्धन गरिने छ। जनता नै जनार्दन भन्ने मूल मन्त्रलाई आत्मसाथ गरी भ्रष्टाचार निर्मुल गर्न शुन्य सहनशिलताको नीति अवलम्बन गरिने छ।

**संस्थागत क्षमता विकासतर्फ :**

- "न्याय सम्पादन ढिलो हुनु,न्याय नपाउनु सरह हो"भन्ने कानूनी सिद्धान्तलाई अंगिकार गर्दै धनगढी उप-महानगरपालिकाको न्यायिक समितिबाट छिटो छरितो र सर्वशुलभ न्याय सम्पादन गर्ने कार्यलाई विशेष जोड दिईने छ।
- नेपालको संविधानको धारा २१७ बाट प्रदत्त स्थानीयतहको न्यायिक अधिकार अन्तर्गत धनगढी उप-महानगरपालिकामा न्यायिक समिति गठन भै न्याय सम्पादनको कार्य शुरु भैसकेको छ। २०७६/०७७ भित्रै अपाङ्गता भएका व्यक्तिहरु, महिला र बालमैत्री इजलास खडा गरी न्याय सम्पादन गर्ने कार्यको थालनी गरिने छ।
- "कानूनको अज्ञानता क्षम्य हुदैन"भन्ने कानूनी सिद्धान्तलाई मध्येनजर गर्दै धनगढी उप-महानगरपालिकाका ग्रामिण क्षेत्रका सर्वसाधारणमा कानून सम्बन्धी जानकारी गराउन कानूनी सचेतनाका कार्यक्रमहरु अभियानका रुपमा सञ्चालन गरिने छ।
- नगर क्षेत्रका सबै वडाहरुमा विवाद निरुपण गर्न मेलमिलाप केन्द्र स्थापना गरी मध्येस्थताको समेत व्यवस्था गरिनेछ।
- स्थानीय सरकार संचालन ऐन २०७४ (संसोधन समेत) को आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अन्तरिम दरबन्दि तेरिज अनुसारका दरबन्दि स्वीकृत गरी सोको आधारमा कर्मचारीहरुको माग संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसंग समन्वय गरी कर्मचारीहरुको समेत न्यायिक समितिमा आवश्यकता अनुसार व्यवस्थापन गरिने छ।
- उप-महानगरपालिका क्षेत्र भित्रका विभिन्न स्थानमा थप CCTV जडान गरी सुरक्षा व्यवस्थालाई चुस्त दुरुस्त र प्रभावकारी बनाईने छ।
- लागत न्यूनीकरण, श्रोत साधनको अधिकतम उपयोग तथा प्रभावकारी सेवा प्रवाहका लागि आवश्यकता अनुसार अन्य गाउं पालिका तथा नगरपालिकाहरुसंग साझेदारी, सम्झौता तथा संयुक्त व्यवस्थापनमा उपयुक्त कार्यहरुको थालनि गरिने छ।
- धनगढी उप-महानगरपालिकाका नगरवासीहरुलाई सूचनाको हकको प्रत्याभूति गरी पूर्ण रुपमा कार्यान्वियनमा ल्याईने छ ।
- नगरका प्रत्येक वडामा प्रहरी बिटको स्थापना गरी शान्ती सुरक्षालाई थप प्रभावकारी बनाउन पहल गरिने छ।

## ६. राजश्वपरिचालन तर्फ :

आदरणीय नगरसभाका अध्यक्ष ज्यू, नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु,
अब म करदाता, आम नागरिक र लगानी कर्ताले अपेक्षा गरेको व्यवहारिक कर प्रणालीलाई आत्मसाथ गर्दै आ.व. २०७६/०७७ को राजश्व परिचालन सम्बन्धि नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- स्थानीय तहको वित्तिय अधिकार सम्बन्धी व्यवस्थाको पूर्णरुपमा पालना गर्दै बितिय प्रशासन सुधारका लागि व्यावसायिक, दक्ष र सुदृढ प्रशासनको विकास गर्ने र राजश्व परिचालनका दायरा बढाउन राजश्व सम्बन्धि अध्ययन गरिने छ। करका दायरा फराकिलो गरी न्युनतम करको दरबाट बढी राजश्व संकलन गर्ने नीति लिईने छ।
- उत्पादनमुलक तथा व्यवसायिक क्रियाकलापमा सहयोग पुग्ने गरी स्थानीय तहबाट प्रदान गरिने ईजाजत तथा दर्ता प्रणालीलाई सरलीकृत गरिने छ।
- मनोरन्जन करलाई आ.व. २०७६/०७७ देखि नियमित र व्यवस्थितरुपमा संकलन गर्न बिक्री भएको टिकटको आधारमा मनोरन्जन कर लिने नीति अंगिकार गरिने छ। विगत वर्षहरुको मनोरन्जन कर पनि यही प्रणाली बाट असुल उपर गरी मनोरन्जन करको बक्यौता उठाईने छ।
- घर बहाल कर संकलन गर्न आन्तरिक राजश्व कार्यालयसंग समन्वय र सहकार्य गरी दुबैको सहयोगमा आन्तरिक राजश्व कार्यालयमा सहायता कक्ष स्थापना गरि घरबहाल कर उठाउने कार्यलाई व्यवसायिक कर उठाउने प्रणाली संग आवद्ध गरिने छ।आगामी आ.व. देखि घर बहाल कर १० प्रतिशत मात्र लिईने छ।



Scanned by CamScanner

- सम्पति कर र मालपोत तथा भूमिकरलाई समय सापेक्ष बनाउन र मालपोतको घरजग्गा रजिष्ट्रेशन शुल्कका लागि कायम गरेको जग्गाको तथा घरको मूल्याङ्कन दरलाई सम्पती कर र मालपोत तथा भूमिकरसंग मिलान गरी निर्धारण गरिने नीति लिइने छ। सोहीका आधारमा करका दररेट समेत प्रस्ताव गरेको छु।
- आ.व. २०७६/०७७ देखि यस उप-महानगरपालिकाका सबै वडाहरुमा सम्पत्ति कर र मालपोत तथा भूमिकर लागु गरिएको छ।
- वडा स्तरबाट राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउन वडाका कर्मचारीहरु र जनप्रतिनिधीहरुको क्षमता अभिबृद्धि तथा सबै वडालाई सूचना प्रविधिबाट Linkage गरिने नीति लिईने छ।
- आन्तरिक आय आ.व. २०७६/०७७ मा १७ करोड १८ लाख उठाउने लक्ष्य लिईएको छ यस आ.व. मा आन्तरिक आय १३ करोड ७९ लाख उठाउने लक्ष्य राखिएको थियो। जसमा गरी जेष्ठ मसान्त सम्म १३ करोड ४८ लाख उठिसकेको छ। यो लक्ष्यको करिब ९८ प्रतिशत रकम हुन आउछ। यस आवको तुलनामा आगामी आ.व.मा आन्तरिक कर करिब २७ प्रतिशतले बढी उठाउने लक्ष्य राखेका छौ।
- प्राकृतिक श्रोत,बिक्री दर निर्धारण गरी नगरपालिका क्षेत्र भित्र पर्ने नदी तथा सार्वजनिक स्थलबाट बालुवा, ग्राभेल, माटो र ढुंगा उठाउने कार्यलाई राजश्व परिचालनको प्रमुख आधारको रुपमा विकास गरिने छ।
- यस धनगढी उप-महानगरपालिकामा बिगत लामो समय देखि पेश्की फछ्यौट हुन नसकेकोले आगामी आर्थिक बर्षमा पेश्कीलाई शुन्यमा झारिने छ।
- करदाता र कर प्रशासन दुबै पक्षको ईमान्दारिता, पारदर्शिता, स्वच्छता र सदाचारिता कायम गर्न सबै उपाय अवलम्बन गरिने छ। बिजक जारी गर्ने प्रबृतिको बिकास गरिने छ। कर कानूनको पालना गर्न करदाता साक्षरता कार्यक्रम अभियानको रूपमा संचालन गरिनेछ।
- न्यून दरमा कर लगाई सबै आर्थिक तथा व्यापारिक कारोबार गर्नेलाई करको दायरमा ल्याइनेछ।
- धनगढी उप महानगरपालिकाको आर्थिक हित अभिवृद्धिको लागि लागानी प्रवर्द्धन र २०० भन्दा बढी रोजगारी सृजना गरिने उद्योगहरुमा कर छुटको नीति अवलम्बन गरिने छ।
- करदाता दर्ता प्रणालीमा सुधार गर्नकालागि सबै व्यवसाय तथा आर्थिक कारोवार गर्नेहरुको बिवरण Online प्रणालीमा आवद्ध गरिने छ। नयाँ दर्ता प्रणालीमा सबैको बिवरण अद्यावधिक गरिने छ।
- प्रत्येक वडावाट नै सम्पूर्ण कर, शुल्क, महसुल र दस्तुर उठाउन मिल्ने गरि नयाँ Networking प्रणालीको स्थापना गरिएको छ। अब उप्रान्त सम्पूर्ण वडाबाट राजश्व संकलन गरिने व्यवस्था मिलाईने छ।
- धनगढी उप महानगरपालिका क्षेत्रभित्र रहेको सामुदायिक वनबाट उठेको रकमको १० प्रतिशत रकम नगरपालिकाको संचित कोषमा जम्मा गर्न अनिवार्य गराईने छ। सबै सामुदायिक वनलाई कार्य योजना सहित नगरपालिकामा बिवरण पेश गर्न अनिवार्य गरिने छ।
- राजश्व संकलन लाई प्रभावकारी बनाईने छ।भविष्यमा अनुदानमा आधारित बजेटको श्रोतलाई राजश्व बृद्धिको बढोत्तरीले प्रतिस्थापन गर्ने नीति लिईने छ।
- स्थानीय तहबाट प्रदान गरिने इजाजत तथा दर्ता प्रकृयालाई सरलिकृत गरिने छ।
- करको दायरामा नआएका व्यक्तिहरूले २०७६ पौष मसान्त भित्र दर्ता हुन आएमा आ.ब. २०७५।०७६ भन्दा अघिको बक्यौता रकमको जरिवाना मिनाहा हुने व्यवस्था कायम गरिने छ।
- घरदैलोबाट कर उठाउन राजश्व परिचालन कार्यदल गठन गरिनेछ। कार्यदललाई उत्प्रेरणात्मक व्यवस्था कायम गर्न थप मौद्रिक प्रोत्साहनको व्यवस्था समेत कायम गरिने छ।
- राजश्व प्रशासनले उठाएको कर सम्बन्धमा चित्त नबुझाउने करदाताहरुले पुनरालोबकनका लागि नगर उप-प्रमुख समक्ष सोझै निवेदन दिन सक्ने व्यवस्था मिलाइएको छ।
- विद्युतीय माध्येमबाट बिजक जारी गरी राजश्व संकलन कार्यलाई थप सरलिकृत गरिने छ।
- राजश्व परामर्श समितिलाई कियाशिल बनाउनका लागि क्षमता बिकास कार्यकम संचालन गरिने छ।
- सार्वजनिक निजी साझेदारीको माध्येमबाट स्थानीय तहमा पूर्वाधार संरचनाको निर्माण र सञ्चालन तथा सार्वजनिक सेवा प्रवाह गरी धनगढी उप-महानगरपालिकाको वृहत सामाजिक तथा आर्थिक विकास गर्न तथा सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रूपमा सेवा सुविधा उपलब्ध गराउने तर्फ विशेष पहल गरिनेछ।
- धनगढी उपमहानगरपालिकाका निजी उधमी र नगरपालिकाका बीच जोखिम तथा लाभको उचित ढंगबाट बाँडफाँड गर्ने गरी धनगढी उप-महानगरपालिका वडा न. १५ मा रहेको कनरी पार्क र प्रस्तावित जडिबुटी प्रशोधन केन्द्रलाई सार्वजनिक निजी साझेदारीको माध्येमबाट संचालन गर्ने गरी आ.ब. ०७६।०७७ मा तत्काल कार्य अगाडी बढाईनेछ।



Scanned by CamScanner

> सार्वजनिक निजी साझेदारीको माध्यमबाट संचालन गर्न सकिने अन्य आवश्यक परियोजनाहरुको समेत खोज र अध्ययन गरी आवश्यक कार्य अगाडी बढाईनेछ ।

७. सूचना तथा सन्चार प्रविधि तर्फ :

> सूचना संचार र प्रविधिमा सबै नगरवासीहरुको पहुंच पुऱ्याउन प्रभावकारी दूरसंचार सेवाको बिस्तार गर्दै सबै वडा कार्यालय सम्म Optical Fiber विछ्याउने कार्य सम्पन्न गरिएकोले आगामी दिनमा वडा कार्यालयबाट सम्पादनहुने सबै कार्यलाई Networking Connectivity मा लगिनेछ ।
> संचार क्षेत्रको विकास तथा प्रवर्द्धन गर्ने नीति लिईने छ ।
> समुदायहरुलाई सूचना तथा संचार प्रविधिको अर्थपूर्ण प्रयोगमा सक्षम बनाउन यस आर्थिक वर्षमा दुईवटा तथा नगरपालिकामा सूचना प्रविधि केन्द्रहरु Techno Hub को स्थापना भएको र आगामी आ.व. मा पनि थप वडाहरुमा सूचना प्रविधि केन्द्रहरुको Techno Hub स्थापना गरी डिजिटल साक्षरता सम्बन्धी कार्यक्रमहरु लागु गरिने छन् ।
> धनगढी उप-महानगरपालिकाको विद्युतीय सुशासन सम्बन्धी क्रियाकलापहरु खुला सरकार (open government) को अवधारणाबाट निर्देशित रही सूचना तथ्याङ्हरु विभिन्न माध्यमबाट विश्लेषण गर्न सकिने स्वरुप (format) मा उपलब्ध गराउने व्यवस्था गरी सकिएको छ । यसलाई थप रुपमा प्रभावकारी गराईने छ ।
> कृषि प्रविधि र बजार मूल्य सम्बन्धी सूचना प्रणाली (Integrated Agriculture Information System) को विकास गरिने छ ।
> घर नक्सा प्रक्रियालाई सहज बनाउन विद्युतीय प्रणाली (Electronic Building Permit System- EBPS) लागु गरिने छ ।
> धनगढी उप-महानगरपालिकामा संचालन हुने विभिन्न विकास योजनाहरुको सरकारी तथा नागरिक तहबाट अनुगमन प्रणाली प्रभावकारी बनाउन विद्युतीय प्रणाली mobile application को कार्यान्वयनलाई निरन्तरता दिईने छ ।
> धनगढी उप-महानगरपालिका क्षेत्र भित्र E-libraryस्थापना गरिनेछ ।
> धनगढी उप-महानगरपालिका क्षेत्रमा सार्वजनिक निजी साझेदारी (PPP)को अवधारणा बमोजिम अध्ययन, अनुसन्धान र परामर्श केन्द्रको Incubation Center स्थापनाको पहल गरिनेछ ।
> धनगढी उप-महानगरपालिका लाई smart cityमा रुपान्तरण गर्न आवश्यक कार्य अगाडि बढाइने छ साथै यस आ.व. को पारिवारिक विवरण संकलन गर्ने कार्यको सुरुवातलाइ निरन्तरता दिईने छ ।
> धनगढी उप-महानगरपालिकाको सम्पूर्ण वडाहरुको श्रोत नक्साङ्कन (GIS Map)कार्यलाई निरन्तरता दिईने छ ।
> नगरपालिकामा योजना बैंक (Project Bank) को स्थापना गरी लागु गरिने छ ।
> कर्मचारीहरुको मानविय(Biometric) पद्दति द्वारा केन्द्रिकृत हाजिरी प्रणाली लागु गरिने छ ।
> सेवाग्राहीहरुको अनलाईनबाट पनि उजुरी तथा गुनासाहरु लिन गुनासो व्यवस्थापन प्रणाली (Grievance Redress Management System) लागु गरिने छ ।
> पूर्वाधार सम्बन्धी योजनाहरुको तथ्याङ्ग व्यवस्थित गर्न पूर्वाधार व्यवस्थापन प्रणाली (Infrastructure Management System) को प्रभावकारी कार्यान्वयन गरिने छ ।
> धनगढी उप-महानगरपालिका, स्थानीय सरकार, महिला तथा सीमान्तकृत वर्ग आदि संग सम्बन्धीत अनलाईन समाचारहरु एकीकृत रुपमा हेर्न Media Analysis System को विकास गरि लागु गरिने छ ।
> धनगढी उप-महानगरपालिकाको विद्युतीय सुशासन प्रवर्द्धन गर्न तपशिलका प्रणाली लागु गरिने छ ।
  - E-citizen charter
  - Citizen Report Card
  - Exit-Poll
  - Audio-Voice broadcasting system
  - SUSASAN mobile app
> Electronic citizen charter लाई Interactive displayमा समावेश गरी वडाहरुमा समेत यो प्रणाली लागु गरिने छ ।
> सबै सामुदायिक स्कुलहरु तथा स्वास्थ्य संस्थाहरुमा internet को पहुँच सुनिश्चित गर्न municipal optical fiber network मा जडान गरी smart education र smart health care system लागु गरिने छ ।
> सूचना तथा संचार प्रविधिको प्रयोगद्वारा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने विद्यमान प्रयासहरुलाई निरन्तरता प्रदान गरिनेछ । यसै सन्दर्भमा नगर विद्युतीय सरकार गुरुयोजना (Municipal e-government master plan) तर्जुमा गरी लागु गरिनेछ ।
> Matrix प्रणालीमा आधारित GIS Based House Numbering गर्ने कार्यको थालनी गरी यसलाई निरन्तरता दिईने छ ।
> अव्यवस्थित बसोबास, गरिबसेका वस्तिहरु/सुकुम्वासी/मुक्त कमैया आदिको अभिलेख तयार गरिने छ ।
> Capital Investment Planतयार गरिने छ ।
> नगरपालिकाकोसम्पत्ति व्यवस्थापन योजना तयार गरिने छ ।



Scanned by CamScanner

उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

- नगरपालिका भित्रका पत्रकारितालाई समावेशी बनाउन आवश्यक प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिने छ।
- धनगढी उप-महानगरपालिकाको विकास निर्माण, सेवा प्रवाह र सुशासन प्रवर्द्धनका नीति, योजना, कार्यक्रमहरुलाई आम जनसमक्ष सकारात्मक रुपमा समप्रेषण भएको सूचना, समाचार र सेवा प्रवाहको बजारीकरण गर्ने पत्रकारितालाई आगामी आर्थिक वर्ष देखि पुरस्कृत गरिने नीति लिईने छ। साथै सम्पादक, समाचार सम्प्रेषक र सम्वाददातालाई समेत सम्मान गर्ने नीति लिईने छ।
- विकास पत्रकारितालाई जोड दिन आवश्यक पहल गर्दै नगरपालिकाबाट विकासका क्षेत्रमा खोज, अनुसन्धान र रचनात्मक सुझाव उपलब्ध गराउने पत्रकारितालाई प्रोत्साहन गर्ने नीति लिईने छ।

## ८. भवन नक्सा पास तर्फ :

- आगामी आ.व.०७६/०७७ देखि घरको नक्सापास गर्दा बाउण्ड्रीवालको समेत नक्सापास गर्ने व्यवस्था अनिवार्य गरिने छ। बाउण्ड्रीवालका लागि पनि Set Backको व्यवस्था अनिवार्य लागु गरिने छ।
- निर्माण भएका एकतले घरमा भवन सँहिता अनुसार निर्माण नभएका तला थपको स्विकृति दिंदा पहिलेको घर Retrofitting सवलीकरण गरेर मात्र स्विकृति दिने व्यवस्था मिलाइने छ।
- Retrofitting कार्यका लागि प्राविधिक सहयोग धनगढी उप महानगरपालिकाले नि:शुल्क उपलब्ध गराउने छ।
- नक्सापास प्रक्रियालाई विचुतिय माध्येमबाट अगाडि बढाइने छ।
- भवन नक्सा पास गर्दा साईट प्लानमा उल्लेख भए अनुसार सेन्टर लाईनबाट छोडेको Right Of Way (ROW) अनुसार अनिवार्य रुपमा Boundary Wall लगाउने अन्यथा निर्माण सम्पन्न प्रमाणपत्र उपलब्ध नगराउने गरी भवन निर्माण मापदण्डमा प्रावधान थप गरी निर्णय गर्न नगर कार्यपालिकालाई अख्तियारी दिईएको छ।

## ९. वित्तिय व्यवस्थापन तथा आर्थिक अनुशासन तर्फ :

- संघीय सरकारबाट अनिवार्य रुपमा लागु भएको अग्रिम भ्याट कट्टी प्रावधानलाई अनिवार्य रुपमाम कार्यान्वयन गर्ने नीति लिइने छ।
- नेपाल सरकारले अपनाएको आर्थिक नीतिलाई पूर्णरुपमा लागु गरिने छ। सुत्र लेखा प्रणालीलाई पूर्ण रुपमा प्रयोगमा ल्याइने छ।
- नगरपालिकाको वेरुजुलाई घटाँउदै लग्न शुन्य वेरुजु अभियान/नीति संचालन गरिने छ।
- उपभोक्ता समिती,संघ संस्थालाई पेश्की दिने कार्यलाई पूर्णरुपमा निरुत्साहित गरिने छ।
- रु.५० लाख भन्दा माथिको कालोपत्रे गर्ने काममा अनिवार्य रुपमा ल्याव टेष्ट रिपोर्ट पेश गर्नुपर्ने व्यवस्थालाई लागु गरिने छ।

## १०. महिला तथा वालवालीका तर्फ :

**महिला सशक्तिकरणं र महिला लक्षित समुह सहभागिता :**

- ग्रामिण क्षेत्रका विपन्न महिलाहरुलाई समूहमा आवद्ध गराई चेतना जागरण क्षमता विकास र सामाजिक परिचालनको माध्येमबाट आर्थिक, राजनैतिक र सामाजिक रुपमा उनिहरुको क्षमता विकास गराई आत्म निर्भर गराउने नीति लिइने छ।
- महिला सशक्तीकरण गरी मूल प्रवाहिकरण गर्ने गराउने नीति लिईने छ।
- महिलाहरुको नेतृत्व र क्षमताको विकास गरी स्थानीय स्तरमा सन्चालन हुने कार्यक्रममा सक्रियरुपमा सहभागिता जनाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने नीति लिइने छ।
- गरीब, विपन्न, दलित,मुश्लिम, जनजाति, आदिवासी, थारु, पछाडि पारिएका वर्ग तथा समुदायका महिलाहरुलाई सीपमुलक तालिमहरु सन्चालन गरी आत्मनिर्भर बनाउने नीति लिईने छ।
- लक्षित महिलाको सशक्तिकरणको स्तर हासिल गर्नको लागि उनिहरलाई मुलप्रवाहिकरण, समावेशिकरण, सशक्तिकरण र लैंगिक समानता नेतृत्व विकास कार्यक्रममा समावेश गराईने रणनीति लिई अगाडि बढिने छ।
- समूहमा आवद्ध भएका महिलाहरुलाई आर्थिक सामाजिक रुपमा आत्मनिर्भर बनाउनका लागिसाधन सहितको आयमूलक तालीम सञ्चालन गरी उद्यमी बनाउने नीति लिईने छ।
- लैङ्गिक उत्तरदायी बजेट अनुसार कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याईने छ।

Scanned by CamScanner

बालबालिका सम्बन्धी :

- बालबालिकाहरुको क्लब गठन गरी उनीहरुको अधिकार सुनिश्चित गर्ने, विद्यालयबाट वन्चित बालबालिकाहरुलाई जीवन उपयोगी सीप सिकाई आत्म निर्भर बनाउनुका साथै लागु औषध, कुलत, बालविवाह, छुवाछुत जस्ता सामाजिक विकृति तथा कुरिती विरुद्ध सचेतना र जागरण अभियान सञ्चालन गरिने नीति लिईने छ।
- धनगढी उप-महानगरपालिकालाई बालश्रम मुक्त उप-महानगरपालिकाको रुपमा घोषणा गर्न आवश्यक अभियान थालनी गरिने छ।

जेष्ठ नागरिक सम्बन्धी :

- जेष्ठ नागरिकहरुका लागि जेष्ठ नागरिक हक अधिकार बारे जानकारी गराई आत्मनिर्भर गराउनुका साथै सम्मान साथ बाँच्नको लागि बिभिन्न चेतना मुलक कार्यक्रम, भ्रमण लगायतका कार्यक्रम सञ्चालन गरिने छन्।

अपाङ्गता सम्बन्धी :

- फरक क्षमता भएका व्यक्तिहरुका हक अधिकार बारे सुनिश्चित गरी निजहरुले पाउने सेवा सुविधाका साथै बिभिन्न सीपमूलक तथा चेतनामूलक कार्यक्रमहरुमा समावेश गरी आत्मनिर्भरका साथै आर्थिक सशक्तिकरणका कार्यक्रमहरु सन्चालन गर्ने नीति लिईने छ।
- नगरपालिकाले निर्माण गर्ने (भौतिक पूर्वाधार) भवनहरुमा फरक क्षमता भएका व्यक्तिहरुको पहुँचका लागि अपाङ्गमैत्री संरचना निर्माणलाई अनिवार्य गरिने नीतिलाई निरन्तरता दिईने छ। यो नीति नगरपालिका भित्रका सम्पूर्ण सार्वजनिक संरचनाहरुमा कार्यान्वयनमा ल्याउन पत्रचार गरिने छ।
- फरक क्षमता भएका व्यक्तिहरुको आत्म सम्मान र उच्च मनोवल कायम राख्न आवश्यक रणनीति सहितको कार्यक्रम संचालन गर्ने कार्यलाई निरन्तरता दिईने छ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू, आदरणीय नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

माथि उल्लिखित नीति र कार्यक्रमका आधारमा बिनियोजन विधेयक २०७६ र आर्थिक विधेयक २०७६ तयार गरी नगर कार्यपालिका बैठकबाट स्वीकृत गराई यस सम्मानित नगरसभा मार्फत पारित हुन प्रस्ताव गरेको छु। नीति तथा कार्यक्रमका आधारमानै आय र व्ययको अनुमान तयार गरी यस नगर सभा समक्ष पेश गरेको छु। नगर कार्यपालिकाबाट स्वीकृत गरी पेश गरेको आ.व. २०७६।०७७ को आय र व्ययको अनुमान स्वीकृतीको लागि यथार्थ बजेट रकम आय र व्ययको अनुमान तपशिल अनुसार पेश गर्ने अनुमति चाहन्छु (यस पूर्व गत आर्थिक बर्षको यर्थात आय र व्यय,चालु आर्थिक बर्षको संशोधित आय र व्यय प्रस्तुत गर्न सान्दर्भिक ठानी यस सम्मानित नगर सभा समक्ष पेश गरेको छु।

**गत वर्ष (२०७४।०७५) को यथार्थ आय र व्यय यस प्रकार छ।**

यथार्थ आय तर्फ :

| | |
|---|---|
| आन्तरिक आय: | रु. ९ करोड ७६ लाख २३ हजार ८ सय ७१ रुपैया मात्र। |
| बाह्य आय: | रु. १ अरब ५ करोड ८६ लाख ९ हजार ३ सय २४ रुपैया मात्र। |
| कूल जम्मा आय: | रु. १ अरब १५ करोड ६२ लाख ३३ हजार १ सय ९५ रुपैया मात्र। |

व्यय तर्फ:

| | |
|---|---|
| आन्तरिक: | रु. ९ करोड ७६ लाख २३ हजार ८ सय ७१ रुपैया मात्र। |
| बाह्य: | रु. ८७ करोड ७९ लाख ९९ हजार ८५ रुपैया मात्र। |
| कूल जम्मा व्यय : | रु. ९७ करोड ५६ लाख २२ हजार ९ सय ५६ रुपैया मात्र। |

चालु आ.व.मा गत वर्षको अल्या रकम रु.१८ करोड ६ लाख १० हजार २२९ रुपैया मात्र।

**सम्मानित नगर सभाका अध्यक्षज्यू, नगर सभाका सम्पूर्णसदस्यज्यूहरु,**

अब म चालु आ.व.(२०७५।०७६)को जेठ मसान्त सम्मको यथार्थ आय/व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।



Scanned by CamScanner

**जेठ ३२ सम्मको यथार्थ आम्दानी र खर्च:**

आ.ब. २०७५/०७६ मा कूल आय रु १ अरब २१ करोड ७० लाख ३५ हजार मध्ये आन्तरिक स्रोतबाट रु १३ करोड ९लाख ६२हजार बाह्य श्रोतबाट रु. १ अरब ८० करोड ६० लाख ७३हजार रहेको थियो । त्यस्तै गरी कूल खर्च रु. ८५करोड ३७लाख ८३ हजार मध्ये चालु खर्च रु. ६० करोड ४५ लाख ९ हजार र पूंजिगत खर्च २४ करोड ९२ लाख ७४ हजार भएको थियो । चालु खर्चमा सामाजिक सुरक्षा कार्यक्रमको रु. १२ करोड १२लाख६० हजार समेत समावेश गरिएकोछ ।

**सम्मानित नगर सभाका अध्यक्षज्यू, नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

अब म आगामी आ.व.२०७६/०७७को प्रस्तावित आय/व्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ का लागि कूल आय रु. १ अर्ब ५८ करोड ३७ लाख १४ हजार ४ सय ८० रहेकोछ भने कूल खर्च मध्ये चालु खर्च तर्फ रु. ७६ करोड ३६लाख ४२ हजार १६६ रुपैया र पैसा ३८ मात्र र पुंजीगत खर्च रु. ८१ करोड ६८ लाख ५ हजार र पैसा ६२ मात्र रहेकोछ ।

**कूल आय तथा व्ययको श्रोत/क्षेत्रगत विवरण :**

**आय तर्फ:**

आन्तरिक आय रु. १७ करोड १८ लाख, वित्तीय सामानिकरण रु. २९ करोड ६७ लाख, राजश्व बाँडफाँड रु. २२ करोड ३१ लाख,सशर्त अनुदान रु. ४३ करोड ३३ लाख प्रदेश सरकार समपुरक कोष अनुदान रु.१ करोड,प्रदेश सरकार विशेष अनुदान रु. १० करोड अन्य आय २९ करोड ७ लाख ४८ हजार र नगद मौजदात रु. ५ करोड ४८ लाख गरी जम्मा रु. रु. १ अर्ब ५८ करोड ३७ लाख १४ हजार ४ सय ८० आयको अनुमान गरिएको छ ।

**व्यय तर्फ :**

चालु खर्च तर्फ रु. ७६ करोड ३६लाख ४२ हजार १ सय ६६ रुपैया अनुमान गरिएकोछ । यसै गरी पूंजीगत खर्च तर्फ रु. ८१ करोड ६८ लाख ५ हजार ८ सय ३४ रुपैयां मात्र विनियोजन गरिएको छ ।
खर्च तर्फ योजनागत विस्तृत विवरण नगरसभाबाट पारित भै सके पछि सार्वजनिक गरिनेछ । व्ययको चालु प्रशासनीक खर्च तर्फ नेपाल सरकारले राष्ट्र सेवक कर्मचारीहरुको वृद्धि गरेको तलब, सेवा, सुविधा सरह नै कार्यान्वयन हुने गरी यस उप-महानगरपालिकाका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण स्थायी, करार, ज्यालादारी कर्मचारीहरुको तलब,भत्ता र अन्य सुविधामावृद्धि हुने गरी प्रशासनीक खर्चको शिर्षकमा बढेको तलब, भत्ता र सुविधाको खर्च रकम समायोजन गरेको छु ।

माथि उल्लिखित अनुमानित आय र व्ययको बजेट रकम बराबर हुने गरी विनियोजन गरेको छु । यसले गर्दा यस उप-महानगरपालिकाको आगामी आर्थिक वर्ष (०७६।०७७) बजेट अनुमान सन्तुलित बजेटको सिद्धान्त अनुसरण गरी बजेट तर्जुमा गरेको व्यहोरा यस सम्मानित नगर सभालाई जानकारी गराएको छु ।

**आदरणीय नगर सभाका अध्यक्षज्यू, आदरणीय नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

उल्लिखित आय र व्ययको प्रस्तुतिकरणमा चालु आर्थिक वर्षको आय र व्ययको अनुमान भन्दा आगामी आर्थिक वर्ष (०७६।०७७) को आय र व्ययको अनुमान रकम घटेको देखिन्छ । यसमा आदरणीय नगर सभाका अध्यक्ष ज्यू र सम्पूर्ण सदस्य ज्यूहरुलाई गत आ.ब. (०७४।०७५) र चालु आ.व. (०७५।०७६) भन्दा आगामी आर्थिक वर्ष (०७६।०७७) को कूल बजेट रकम घट्यो भन्ने भ्रम हुन सक्छ । त्यसो नभएर नेपाल सरकारको आगामी आर्थिक वर्षको विनियोजन ऐन र आर्थिक ऐनको कानूनी व्यवस्था अनुसार निम्न शिर्षकका रकमहरु स्थानीय सरकारको विनियोजन ऐन र आर्थिक ऐनमा राख्नु नपर्ने साथै रातो किताबमा समेत परिवर्तित (Reflection) गर्नु नपर्ने व्यवस्था भएकोले यसो हुन गएको हो । तथापि तपशिलमा उल्लिखित बजेट रकमहरु नेपाल सरकार र प्रदेश सरकार मार्फत विगतमा झैं निरन्तर रुपमा स्थानीय सरकार मार्फत निकासा भै रहने व्यवहोरा समेत सम्मानित नगर सभा समक्ष सादर जानकारी गराएको छु ।



Scanned by CamScanner

तपशिल :

| | |
|---|---|
| क) सामाजिक सुरक्षा अनुमानित बजेट रकम | रु. २४ करोड |
| ख) सडक बोर्ड नेपाल अनुमानित बजेट रकम | रु. १ करोड ४२ लाख |
| ग) तराई मधेश समृद्धि कार्यक्रम अनुमानित बजेट रकम | रु. ३ करोड |
| घ) स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम अनुमानित बजेट रकम | रु. ५ करोड |
| ङ) क्षेत्रीय शहरी विकास आयोजना अनुमानित बजेट रकम | रु. ७ करोड |
| च) नगर विकास कोष (ऋण अनुदान कार्यक्रम) को पूर्वाधार विकास परियोजना अनुमानित बजेट रकम | रु. १५ करोड |
| छ) अन्य कार्यक्रम अनुदान अनुमानित बजेट रकम | रु. २ करोड |
| नगरपालिकामा कार्यान्वयन हुने तर रातो किताबमा समावेश गर्नु नपर्ने अनुमानित बजेट रकम कूल जम्मा | **रु. ५७ करोड ४२ लाख** |

**सम्मानित नगर सभाका अध्यक्षज्यू, नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

नेपालको संविधान र प्रचलित कानून बमोजिम मैले सम्मानित कार्यपालिकाको सर्वसम्मत निर्णयबाट उल्लिखित आगामी आ.व.२०७६/०७७का लागि नीति,कार्यक्रम तथा बजेट तय गरी यस सम्मानित नगरसभा समक्ष प्रस्तुत गरेको छु । कार्यक्रम अनुसार बजेट तय गरेको छु । कार्यक्रम तयार गर्दा उल्लिखित नीतिहरुलाई मूल आधारको रुपमा लिएको छु । नीतिहरु कार्यान्वयनका लागि स्रोत र साधनको व्यवस्था गरी क्रमशः लागु गर्दै जान सम्मानित नगरसभा समक्ष सादर जानकारी गराएको छु । साधन स्रोतको सिमिततताले मैले माथि उल्लिखित नीतिहरु पूर्ण रुपेण तत्काल आगामी आ.ब.मा कार्यान्वयन गर्न असमर्थ हुने देखी सम्मानित नगरसभा समक्ष सादर सूचना प्रेषित गरेको छु । तथापि क्रमशः कार्यान्वयन गर्दै लगिने प्रतिज्ञा नगरकार्यपालिका मार्फतबाट व्यक्त गरेको छु ।

**आदरणीय नगर सभाका अध्यक्षज्यू, आदरणीय नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

अब म सम्मानित नगरसभा समक्ष मैले माथि प्रस्तुत गरेको धनगढी उप महानगरपालिकाको गत वर्षको यथार्थ आय र व्यय, चालु आर्थिक वर्षको संसोधित आय र व्यय, आगामी आर्थिक वर्ष २०७६/०७७को अनुमानित आय र व्ययको विवरण सम्मानित नगरसभा बाट घनिभूतरुपमा छलफल भै पारित हुनका लागि प्रस्ताव गरेको छु । साथै नेपालको संविधान र प्रचलित कानूनको अधीनमा रही यस धनगढी उप महानगरपालिकाको कार्यपालिकाले सर्वसम्मतिले गरेको निर्णय अनुसार आगामी आर्थिक वर्ष २०७६/०७७ को प्रस्तावित आर्थिक विधेयक २०७६ (आ.ब.२०७६/०७७का लागि प्रस्ताव गरिएको करका दररेटहरुको अनुमान सहितको जम्मा आय रु. १ अर्ब ५८ करोड ४लाख ४८ हजार) र विनियोजन विधेयक २०७६(आ.ब. २०७६/०७७का लागि प्रस्ताव गरिएको प्रशासनीक र पूंजीगत खर्चको बाँडफाँडको अनुमान रु. १ अर्ब ५८ करोड ४लाख ४८ हजार) उपर छलफल गरी पारित गरियोस भनि प्रस्ताव गरेको छु । नेपाल सरकारले आगामी आर्थिक वर्ष २०७६।०७७ को लागि प्रस्ताव गरेको आर्थिक विधेयक २०७६ र विनियोजन विधेयक २०७६ को प्रस्तावित कानूनी व्यवस्था बमोजिम मैले माथि प्रस्तुत गरेका पेज नं. १८ को तपशिल **क** देखि **छ** सम्मका कार्यक्रमगत खर्चका शिर्षकहरु समेत गरी अनुमानित रु. **५७ करोड ४२ लाख** को अनुमोदन हुनको लागि समेत पेश गरेको छु । साथै यस धनगढी उप-महानगरपालिकाको लागि कार्यान्वयन हुन पेश भएका उल्लिखित दुवै विधेयकहरु (आर्थिक विधेयक २०७६ र विनियोजन विधेयक २०७६) छलफल गरी पारित गर्न र आगामी आर्थिक वर्षका लागि ऐनको रुपमा कार्यान्वयन गर्न दुवै विधेयक यस सम्मानित नगरसभा समक्ष टेबुल गरेको छु ।

**सम्मानित नगर सभाका अध्यक्षज्यू, नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

उल्लिखित नीति, कार्यक्रम तथा बजेट विवरणमा सामान्य भाषिक र अंक गणितिय त्रुटिहरु हुन सक्छन । यसको लागि सम्मानित नगर सभा समक्ष क्षमायाचना गर्दै यदि त्यसो हुन गएमा सच्याउनका लागि नगरकार्यपालिका मार्फत सम्मानित नगरसभा समक्ष सादर अनुमति मागेको छु ।



Scanned by CamScanner

सम्मानित नगर सभाका अध्यक्षज्यू, नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,

नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा संघीय सरकार तथा माननीय सांसदज्यूहरु,प्रदेश सरकार तथा माननीय प्रदेश सभाका सदस्यज्यूहरु,सम्पूर्ण राजनैतिक दलका प्रतिनिधिज्यूहरुबाट प्राप्त सुझाव,सहयोग तथा प्रेरणा प्रति आभार प्रकट गर्दछु। हामीले गरेको आग्रहलाई स्वीकार गरीबैठक तथा छलफलमा उपस्थित भै उल्लिखित सुझाव दिनु हुने नगरकार्यपालिकाका सदस्यज्यूहरू, बिभिन्न विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु लगायत बिभिन्न क्षेत्रमा बिज्ञता प्राप्त व्यक्तित्व महानुभावहरुलाई विशेष धन्यवाद दिन चाहन्छु। बजेटको सिद्धान्त र प्राथमिकतामा व्यापक छलफल गरीप्रेत्येक्ष अप्रेत्येक्ष रुपमा सुझाव दिनुहुने नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी मित्रहरु,विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरू, करदाता, उद्यमी, व्यापारी/व्यवसायी, समाजसेवी, ज्येष्ठ नागरिक, नागरिक समाजका अगुवाहरु, पत्रकार मित्रहरु, गैर सरकारी संस्था एवं सम्पूर्ण महिला तथा सज्जनवृन्दहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

हामीलाई रचनात्मक सुझाव र सल्लाह दिनुहुने सम्पूर्ण आदरणीय व्यक्तित्वहरु प्रति हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि यहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझावहरुलाई मार्गदर्शनको रूपमा लिएर धनगढी उप-महानगरपालिका अगाडि बढ्ने विश्वास दिलाउदै कार्यक्रमको सफल कार्यान्वयनमा सबैको सहयोग निरन्तर रहने अपेक्षा समेत गरेको छु।

धन्यवाद
सुशीला मिश्र भट्ट
नगर उप-प्रमुख
धनगढी उप-महानगरपालिका धनगढी कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

विक्रम संवत २०७६ साल असार ८ गते आईतबार रोज १ शुभम्।

Scanned by CamScanner

आ.ब.०७६/०७७ का लागी प्रकाशित नीति, कार्यक्रम बजेटका साथै आर्थिक विधेयक २०७६ र विनियोजन विधेयक २०७६ साथ थप भएका नीतिगत, सैद्धान्तिक र कार्यक्रमगत पारित निर्णयहरु क्रमश: निर्णय न. २ देखी प्रस्तुत छन् ।

चौथो नगर-सभाको तेस्रो बैठकबाट पारित निर्णयहरु क्रमश: यस चौथो बैठक पछि टाँस गरिएका छन् ।

निर्णयहरु

४.२. नगर सभाका पदाधिकारीहरुमा निर्णयमा सामुहिक भावना ल्याउन, अनुशासन कायम गर्न, एकरुपता कायम गर्न र धनगढी उपमहानगरको गरिमालाई उच्च पार्न, एकै रङ र गुणस्तर कायम गर्न, नगर सभाको गरिमालाई उच्च पार्न र नगरसभाका पदाधिकारीहरुको मनोबल उच्च पार्न आवश्यकता महसुस गरियो । यसको लागी नगर सभाका पदाधिकारी (सभाध्यक्ष, उप-प्रमुख, सदस्यहरु) हरुलाई आगामी आ.ब.मा नगरपालिकाको आन्तरिक आयबाट खर्च लेख्ने गरी प्रतेक पदाधिकारी रु. १०,०००। नगदै रकम उपलब्ध गराउन आ.ब.०७६/०७७ मा विनियोजित बजेट रकमबाट खर्च गर्ने गरी अख्तियारी प्रदान गरियो । पोशाक खरिदको हकमा कार्यअवधिमा एक पटकको लागि मात्र हुने छ । पोशाक सम्बन्धी रङ र अन्य आवश्यक कुरा नगर कार्यपालिकाको आगामी निर्णय अनुसार हुनेछ ।

४.३. दशरथ भिम उद्यानको ठेक्का आवश्यक कानूनी प्रकृया पुरा गरी तोड्ने निर्णय गरियो ।

४.४. यस चालु आ.ब.को संशोधित खर्च र आय स्वीकृत गर्ने र गत वर्षको यथार्थ आय र व्यय समर्थन गर्ने निर्णय गरियो । आगामी आ.ब.०७६/०७७ को प्रस्तावित नीति, कार्यक्रम र बजेटमा भएको सामान्य भाषिक त्रुटि सच्याउने र अंकगणीतीय त्रुटि मिलाउने गरी बजेट बक्तव्यको सार्वजनिकीकरण पछि नगरपालिकालाई प्राप्त नेपाल सरकारको (वन रोयल्टी) अनुदान जोडी आय व्ययमा मिलान गरि पारित गर्ने निर्णय गरियो ।

४.५. नगरपालिकाको चौथो नगरसभाबाट प्रकाशित आय र व्ययको अनुमान पश्चात् नेपाल सरकारबाट प्राप्त थप वन रोयल्टी रकम रु. ३२,००,०००। आगामी आ.ब.०७६/०७७ को आयमा समावेश गरी सोही बराबरको बजेट रकम खर्चको शिर्षक सुत्र प्रणालीमा मिलान गराई एकल महिलाको लागि सशक्तिकरण कार्यक्रम मार्फत खर्च गर्ने गरी स्वीकृती प्रदान गरियो । साथै आ.ब.०७६/०७७ को आर्थिक विधेयक २०७६ र विनियोजन विधेयक २०७६ मा समेत सो थप रकम आफ्नो शिर्षकमा थप गरी आर्थिक विधेयक २०७६ र विनियोजन विधेयक २०७६ लाई सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

४.६. नगर सभामा टेबुल भएको आर्थिक बिधेयक, २०७६ र बिनियोजन विधेयक २०७६ सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

४.७. चालु आ.ब.मा नगर कार्यपालिका बैठकले पारित गरेका बिभिन्न पदाधिकारीहरुको भत्ताको दररेटलाई (बैठक भत्ता समेत) अनुमोदन गर्ने र आगामी आ.ब.मा समेत सोही दररेटलाई स्वीकृत गर्ने निर्णय गरियो ।

४.८. पेश भएको लेखा समितिको प्रदिवेदन पारित गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

४.९. चालु आ.ब.मा पेश भएको गत आ.ब.को अन्तिम लेखापरीक्षण प्रतिवेदनका सुझावहरुलाई लागु गर्ने, असुल उपर गर्नु पर्ने वेरुजुलाई असुल उपर गर्ने र अन्य वेरुजुलाई सम्परीक्षण गर्ने निर्णय गरियो ।

४.१०. यस नगरपालिकामा सञ्चालित RUDP परियोजना अन्तर्गत कार्यसम्पादनमा आधारित सामाजिक, आर्थिक विकासका लागी भौतिक पूर्वाधार तथा क्षमता विकासका कार्यक्रम संवन्धमा यस पूर्व नगरपालिकाबाट स्वीकृत कार्यक्रम (Breakdown) लाई अनुमोदन गर्ने निर्णय गरियो । सामाजिक तथा आर्थिक विकासमा आधारित क्षमता विकास कार्यक्रम अन्तर्गत नगरपालिकाबाट यही मिति २०७६ आसाढ महिनामा सञ्चालित विभिन्न विधा (Trade) छोटो अवधि दुई दिन /तीन दिन का तालिम, प्रशिक्षण, अभिमुखिकरण कार्यक्रमहरुलाई समर्थन र स्वीकृत गर्दै नगरपालिका कार्यालयले प्रस्ताव तयार गरि सोको आधारमा Cost Estimate तयार गरि Cost Estimate मा तोकिएको तालीमका सहभागिहरुको खाजा खर्च प्रति व्यक्ति प्रति दिन रु. २००। को दर, खाना खर्च प्रति व्यक्ति प्रति दिन रु. ५००। को दर र आतेजाते प्रति व्यक्ति प्रति दिन रु. ५००। को दर लाई समर्थन गरि Cost Estimate हरुलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै RUDP को उल्लिखित कार्यक्रमहरु (पूर्वाधार निर्माण र क्षमता विकास दुबै) आगामी आ.ब. ०७६/७७ मा समेत निरन्तरताको लागि भवन तथा शहरी विकास मन्त्रालय मार्फत एसियाली विकास बैंक, मनिलामा अनुरोध गर्ने निर्णय गरियो । तालीमका क्रममा नियमानुसार गरिएको अनुगमन खर्च र बिशिष्ट व्यक्तिहरुको खाजा, खाना खर्च समेत अनुमोदन गर्ने निर्णय गरियो । साथै Solid Waste Management कार्यविधि प्रस्तावको लागि तयार भएको प्रतिवेदन अनुमोदन गर्दै सम्झौता बमोजिम रकम रु तीन लाख (भ्याट समेत) भुक्तानी लेख्न प्र.प्र.अ लाई अख्तियारी प्रदान गरियो ।

४.११. यस उपमहानगरपालिकामा UNICEF नेपालको आर्थिक सहयोगमा सञ्चालित बाल संरक्षण तथा GBVS कार्यक्रम अन्तर्गत कार्यसम्पादनमा आधारित सामाजिक, आर्थिक तथा क्षमता विकासका कार्यक्रमलाई यस पूर्व नगरपालिकाबाट स्वीकृत कार्यक्रम (Breakdown) अनुसार अनुमोदन गर्ने निर्णय गरियो । सामाजिक तथा आर्थिक विकासमा आधारित क्षमता विकास कार्यक्रम अन्तर्गत यस धनगढी उपमहानगरपालिका र UNICEF नेपाल वीच सन २०१८–११–२ मा सम्पन्न सम्झौता बमोजिम सञ्चालित विभिन्न विधा (Trade) छोटो अवधि दुई दिन /तीन दिनका तालीम, प्रशिक्षण, अभिमुखिकरण कार्यक्रमहरुलाई समर्थन र स्वीकृत गर्दै नगर कार्यपालिकाको कार्यालयले प्रस्ताव तयार गरि सोका आधारमा Cost Estimate तयार गरि Cost Estimate मा तोकिएको तालीमका सहभागिहरुको खाजा खर्च प्रति व्यक्ति प्रति दिन रु. २००। को दर, खाना खर्च प्रति व्यक्ति प्रति दिन रु. ५००। को दर र आतेजाते प्रति व्यक्ति प्रति दिन रु. ७००। सम्मको दर लाई समर्थन गरि Cost Estimate लाई अनुमोदन गर्ने निर्णय गरियो । साथै UNICEF नेपालको उल्लिखित कार्यक्रमहरु ( क्षमता विकास लगायतका ) आगामी बर्षमा निरन्तरता दिनको लागि स–धन्यवाद अनुरोध गर्ने निर्णय गरियो ।

४.१२. नगरपालिका भित्रका साँघुरा सडकहरु सडक मापदण्ड तोकी कार्यान्वयनमा लग्न/लैजान नगर कार्यपालिकाले कार्यविधि तयार गरी स्वीकृत गराई अगाडि बढ्न अख्तियारी प्रदान गर्ने निर्णय गरियो । साथै नगर यातायात गुरुयोजना परिमार्जन गरी नयाँ निर्माण गर्न नगरकार्यपालिकालाई अख्तियारी दिईयो ।

Scanned by CamScanner

४.१३. नगरपालिकालाई स्वच्छ, स्वस्थ्य र हराभरा बनाउन सरसफाई शुल्क लगाई अगाडि बढ्न नगर कार्यपालिकालाई अख्तियारी प्रदान गरियो । नगरपालिकाको कुनै एक वडालाई नमुना सरसफाई (पूर्ण सरसफाई) वडा बनाई अगाडि बढ्न आवश्यक कार्यविधि सहित अगाडि बढ्न नगर कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

४.१४. नगरपालिकाको कार्यक्षमतालाई उच्चपार्न र कर्मचारीको मनोवल उच्चपार्न यस आ.व. ०७५/०७६ मा नगरपालिकाको हित र उन्नतिका लागी निष्ठा पूर्वक काम गरेका कार्यालय प्रशासनले तोकेका कर्मचारीहरुलाई नगरपालिकाको आन्तरिक आयबाट खर्च लेख्ने गरी प्रति कर्मचारी रु. ३०००। (तीन हजार) का दरले पुरुस्कार उपलब्ध गराउने निर्णय गरियो । यस पुरस्कारको खर्च आ.व. ०७६/०७७ को श्रावण महिना भित्र भुक्तानी लेख्ने व्यवस्थाको लागी कार्यादेश दिईयो ।

४.१५. नगरपालिकाले विभिन्न परियोजना सञ्चालन गरी राजश्वको दायरा फराकिलो पारी आन्तरिक आयमा बृद्धि गर्न, विभिन्न आयमुलक परियोजना, भौतिक पूर्वाधार संचालन गर्न नगर विकास कोषसंग सहुलियतपूर्ण ऋण तथा अनुदान रकम लिई सम्झौता गर्न नगरकार्यपालिका मार्फत नगर प्रमुखलाई अख्तियारी दिने निर्णय गरियो ।

४.१६. सम्पत्ति कर र भुमि कर (मालपोत कर) उठाउन द्विविधा परेमा सोको बाधा अड्काउ फुकाउन नगर कार्यपालिकालाई अख्तियारी दिने निर्णय गरियो ।

४.१७. नगरपालिकाको आन्तरिक आयमा बृद्धि गरी सक्षम र स्वावलम्वि उपमहानगरपालिका तयार हुनु हाम्रो अन्तिम उद्देश्य हो । यसका लागि सम्पूर्ण करदाता मैत्री नगरवासीको पूर्णसाथ र सहयोगको अपेक्षाका साथ धनगढी उप-महानगरपालिका बजार क्षेत्रका व्यापारिक सटरहरुबाट घर बहाल कर उठाउनको लागी सटरहरुको न्युनतम बहालकर तोकी घरबहाल कर नगर कार्यपालिकाले असुल गर्न आवश्यक कार्यविधि निर्माण गरी लागु गर्न नगरकार्यपालिकालाई अख्तियारी दिने निर्णय गरियो । अब उप्रान्त नगरपालिकालाई नीति निर्माण, विकास निर्माण र राजश्व संकलनमा साथ दिने र सकारात्मक सूचना प्रवाह गर्ने पत्रकार र सम्पादकलाई पुरस्कृत गर्ने नीति लिदै यसको कार्यान्वयन आ.व. ०७६/०७७ देखी नै शुरुवात गर्न नगरकार्यपालिकालाई अख्तियारी प्रदान गरियो ।

४.१८. UNDP को आर्थिक सहयोग रु.एक करोड र नगरपालिकाको समपुरक कोष गरी कुल बजेट रकम रु.१,६५,००,०००। कायम गरि आगामी आ.ब.०७६/७७ मा एकल महिलाको क्षमता विकास कार्यक्रम संचालन गर्न अनुमति प्रदान गरियो । नगरपालिकाको श्रोतको हकमा रु.३२,००,०००। वन रोयल्टीबाट प्राप्त हुने रकम खर्च गर्ने र बाँकी श्रोत रु.३३,००,०००। रकम नगरपालिकाको आन्तरिक आयबाट खर्च मिलान गर्ने नगर कार्यपालिकाको कार्यालयलाई अख्तियारी प्रदान गरियो ।

४.१९. यस धनगढी उपमहानगरपालिकाको आ.ब.०७५/०७६ का लागि चालु तथा पूँजीगत खर्च तर्फ विनियोजन भएको रकम मध्ये पदाधिकारी बैठक भत्तामा रकम अभाव भएको हुँदा पदाधिकारी पारिश्रमीक (तलब) शिर्षकबाट रु. ३०,००,०००। (तीस लाख) पदाधिकारी बैठक भत्ता शिर्षकमा रकमान्तर गर्ने साथै नगर विकास कोष काठमाण्डौलाई तिर्नुपर्ने सम्पूर्ण साँवा, व्याज र ऋण रकम तिरी ऋण सुन्य गरी नयाँ

Scanned by CamScanner

परियोजना सञ्चालन गर्नुपर्ने भएको हुँदा सोका लागि आवश्यक रकम रु पर्ने रुकम टिपर संचालन खर्च तर्फ रकम न्यून भई थप आवश्यक पर्ने रकम रु.३२,००,०००। समपुरक कोष शिर्षकबाट तत् तत् शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

४.२०. यस धनगढी उपमहानगरपालिकाको आ.ब. ०७५/०७६ का लागी राजश्व बाँडफाँड तर्फ आयमा अनुमान गरिएको रकम अनुमान गरिए भन्दा कम प्राप्त भै भुक्तानीमा कठिनाई भएकोले यसरी राजश्व बाँडफाँड तर्फ कम हुन जाने रकम चालु आ.ब.मा प्रदेश सरकारबाट प्राप्त राजश्व तथा संघीय सरकार समानिकरण अनुदान र आन्तरिक श्रोत बाट बच्न जाने रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

४.२१. उप-महानगरपालिका क्षेत्र भित्रका खोलानालाहरुको अतिक्रमण हटाउन अभियानको रुपमा थाल्नी गर्न नगरकार्यपालिकालाई अख्तियारी प्रदान गरियो । साथै खोलानालाको दुवै तर्फ अतिक्रमण हटाइ साइकल ट्र्याक र आवश्यक भौतिक पूर्वाधार निर्माण गर्न नगर कार्यपालिकाले बजेट विनियोजन गरी कार्य थालनी गर्न अख्तियारी प्रदान गरियो ।

४.२२. नगरपालिका भित्र लामोसमय देखि स्वास्थ्य स्वयं सेविकाको रुपमा सेवा गरिरहेका महिला स्वास्थ्य स्वयम सेविकाहरुको लागि आगामी आ.ब. ०७६/०७७ को कार्यपालिका बैठकबाट थप उत्प्रेरणाको लागी नगरपालिकाको आर्थिक व्ययभारमा खासै थप बोझ नपर्ने गरी अवश्यक निर्णय लिन अनुमति दिइयो ।

४.२३. नगर कार्यपालिकाको कार्यालय र विभिन्न वडामा रही निस्वार्थ भावले सेवा गरिरहेका सामाजिक परिचालकहरुलाई आगामी आ.ब. ०७६/०७७ को कार्यपालिका बैठकले आवश्यक निर्णय लिई सामाजिक परिचालकहरुको मनोवल उच्च पार्न आवश्यक व्यवस्था गर्ने निर्णय गरियो । यस निर्णयमा पुग्दा नगरकार्यपालिकाले खासै आर्थिक व्ययभार नपर्ने गरि निर्णय लिनु पर्ने छ ।

४.२४. धनगढी उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा सूचिकृत भएका मेलमिलापकर्ताहरुको नामावली यस नगर सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

४.२५. चालु आ.ब.०७५/०७६ मा रकमान्तर तथा संसोधन भएका सम्पूर्ण बजेट तथा कार्यक्रम/योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

४.२६. यस उपमहानगरपालिका अन्तर्गत विभिन्न वालविकाश केन्द्रमा कार्यरत स.का.हरुको लामो समय यस उपमहानगरपालिका अन्तर्गत गरेको सेवाको उच्च मुल्याङ्कन गर्दै उहाँहरुको उच्च मनोवल राखी गुणस्तीय सेवा लिन आगामी आ.ब. ०७६/०७७ देखी नगर कार्यपालिकाले प्रोत्साहनमुलक नीति अवलम्बन गर्ने निर्णय लिईयो । प्रोत्साहन रकम उपलब्ध गराउनु परेमा नगरपालिकालाई खासै व्ययभार नपर्ने गरि निर्णयमा पुग्न नगरकार्यपालिकाको कार्यालयलाई अख्तियारी प्रदान गरियो ।

४.२७. यस उप-महानगरपालिका नगरकार्यपालिकाको कार्यालय र अन्तर्गतका निकायहरुमा कार्यरत कर्मचारीहरुले साविकमा खाईपाई आएको प्रोत्साहन सुविधा अन्तर्गत अब उप्रान्त आ.ब. ०७६/०७७ मा समेत खाईपाई आएको तलब स्केलको पन्ध्र प्रतिशतले हुन आउने प्रोत्साहन भत्ता निजहरुले खाईपाई आएको तलबमा थप गरी नगरपालिकाको आन्तरिक आयबाट खर्च श्रोत ब्यहोर्ने गरी निरन्तरता दिन नगर

Scanned by CamScanner

कार्यपालिकाको कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो । यसमा स्थायी कर्मचारी, आस्थाइ कर्मचारी र नियामानुसार करारको शर्त अनुसार रहेका कर्मचारीहरुका हकमा करारको शर्त अनुसार हुनेछ ।

४.२८. चालु आ.ब. ०७५/०७६ मा बोलपत्र आव्हान गरी ह्यूमपाईप खरिद गरिएकोमा (ठेक्का न.IFB NO: 032/DSMC/2075/076) सारभुत रुपमा प्रभावग्राही न्युन मुल्याङ्कित बोलपत्र छनौट भै नियमानुसार आवश्यक परिमाणमा Hume Pipe (300 mm देखी 1200 mm सम्म) आपूर्ति भैसकेकोमा आपूर्ति भएका ह्यूमपाईपहरु को परिमाण निकाली भुक्तानी दिदा कूल सम्भौता रकम (भ्याट सहित) मा १३.४१% Variation आएको नगरपालिकाको कार्यालयबाट प्राविधिक प्रमाणित कागज प्रमाण यस सम्मानित सभामा पेश भएकोले उक्त Variation रकम रु.१८८०९३५।२९ (भ्याट सहित) लाई अनुमोदन गरी नगरपालिकाको सम्वन्धित श्रोतबाट चालु आ.ब.मा नै खर्च लेख्ने अख्तियारी नगर प्रमुख मार्फत प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गरियो ।

४.२९. यस नगर कार्यपालिकाको कार्यालयलाई आवश्यक परेको ट्रयाक्टर खरिद गर्न प्रचलित कानून अनुसार क्याटलग सपिङ्ग विधिबाट आपूर्ति गर्न सार्वजनिक बोलपत्र आह्वान गरिएकोमा तोकिएको समय भित्र एउटा मात्र बोलपत्र दर्ता भएकोले सो बोलपत्रलाई यथाबत राखी पुनः बोलपत्रको म्याद थप गरी २०७६/०३/२९ गते दिउसो १२:०० बजे सम्म थप बोलपत्र प्रस्ताब प्राप्त भएकोले उक्त दुईवटा बोलपत्र मध्ये सारभुत रुपमा प्रभावग्राही न्युन मुल्याङ्कितबाट चालु आ.ब.०७५/०७६ भित्रै ट्रयाक्टर खरिद गर्न नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई नगर प्रमुख मार्फत अख्तियारी प्रदान गरियो ।

४.३०. चालु आ.ब.०७५/०७६ मा संघिय सरकार बाट हस्तान्तरीत शसर्त अनुदान शिक्षा तर्फ प्रारम्भिक बालविकाश सहयोगी कार्यकर्ताको लागि पारिश्रमिक अनुदान र कर्मचारी सहयोगी कार्यकर्ताको पोशाकमा कम पर्न जाने रकम गरी जम्मा रु.३५,६६,०००। कक्षा १ देखि कक्षा १० सम्म अध्ययनरत विद्यार्थीको लागी पाठ्यपुस्तक अनुदान शिर्षकबाट खर्च गर्न नियमानुसार नगरकार्यपालिकाको कार्यालयलाई अख्तियारी प्रदान गरियो ।

४.३१ धनगढी उप-महानगरपालिकाको आ.ब ०७४/०७५ को आय व्ययको अन्तिम लेखापरीक्षण प्रतिवेदन उपर छलफल गरियो । सो प्रतिवेदन उपर उल्लिखित सुभाव प्रति सैद्धान्तिक बेरूजु र अन्य वेरूजु फछ्र्यौट गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

४.३२. ध.उ.म.न.पा. क्षेत्रभित्रको पूर्वाधार विकासमा आधारशिला खडा गरी पूर्वाधार विकास गर्न ठूला परियोजना तत्काल संचालन गर्न आवश्यकता देखिएकोले यस ध.उ.म.न.पा. अन्तर्गत धनगढी प्लाजा मल परियोजना र आधुनिक बस पार्क भौतिक पूर्वाधार निर्माण गर्न DPR तयार गरी परियोजना संचालन गर्न नगर विकाश कोषसंग आगामी आ.ब. २०७६।०७७ मा रू. २०,००,००,०००।०० अक्षरेपी रू. बीस करोड मध्ये सहुलियत व्याज दरमा ऋण र अनुदान सहायता प्राप्त गर्नको लागि नगर विकास कोष काठमाण्डौंलाई अनुरोध गर्ने निर्णय गरियो । साथै ऋण र अनुदानका संबन्धमा सम्भौता गर्न नगर प्रमुखलाई अख्तियारी प्रदान गरियो ।

Scanned by CamScanner

४.३३. यस नगरपालिका कार्यालयको एकलौटी हकभोग भएको ज.वि.कि.नं. १९६ को जग्गामा कार्यालयको नयाँ भवन निर्माण गर्नु परेकाले यस परिपरमा रहेका रूख विरूवाहरू कटान गरी लिलाम सूचना निकाली सम्वन्धित डिभिजन वन कार्यालयको कटान आदेश बमोजिम संकलीत काठ, दाउरा सम्वन्धित बोलपत्रदातालाई बन कार्यालयले दिएको पत्र र नगरपालिकाकाले ठहऱ्याएको तपसिल बमोजिमको काठको विवरण र परिमाण काठ दाउरा उठाई लग्न सम्वन्धित छनौट भै स्वीकृत भएको बोलपत्रदाता (फर्म) लाई अनुमती दिने निर्णय गरियो । सो अनुसार कार्यान्वयन गर्न/गराउन नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

तपशिल:

| सि.न. | धाड. न | काठको विवरण | थान | परिणाम (क्यु.फिट) | ग्रेड |
|---|---|---|---|---|---|
| १ | १ | सिसौ | ६ | ६३.५३ | A |
| २ | १ | सिसौ | ३२ | १२९.६९ | B |
| ३ | २ | आँप | ४ | १७.०७ | B |
| ४ | ३ | सिरिस | १० | ११०.५४ | B |
| ५ | ४ | हल्दु | ९ | ७४.८६ | B |
| ६ | ५ | दाउरा | १ | चट्टा | मिश्रीत |

४.३४. आ.व. ०७६/०७७ मा आजका मिति सम्म प्रकाशित आयको ठेक्का सम्बन्धी सूचनाहरुमा विज्ञापन कर, कवाड कर, बहाल विटौरी कर, कृषि तथा माछाजन्य वस्तुको सरसफाई शुल्कको सूचनालाई अनुमोदन गर्ने र अब उप्रान्त प्रकाशित हुने बस पार्किङ्ग शुल्कको सूचना खोल्नलाई प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

४. ३५. आ.ब. ०७६/०७७ का लागी प्रकाशित गरिएको कवाड कर र विज्ञापन करको सूचना ३ आ.व.का लागी खोलिएकोमा कार्यपालिका बैठकवाट भुलवस २ आ.ब मात्र भएकोले उक्त दुवै ठेक्काहरुलाई ३ आ.ब. (०७६/०७७, ०७७/०७८ र ०७८/०७९) सम्मका लागी कायम गरी सो अनुसार गर्न/गराउन अख्तियारी प्र.प्र.अ.लाई प्रदान गरियो । यस नगर शभामा पेश भै पारित भएको आ.ब. ०७६/०७७ को आय र व्ययको आम्दानी गर्ने र खर्च गर्ने अख्तियारी कानून बमोजिम नगर प्रमुख मार्फत तोकिएको समय भित्र प्रमुख प्रशासकीय अधिकृतलाई दिन यस शभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

४.३६. आय ठेक्कामा ठेकेदारको कार्यसम्पादन सन्तोषजनक देखिएमा ठेक्का अवधि थप गर्ने अधिकार नगरकार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

४.३७. प्रस्तुत आ.व. ०७६/०७७ को नीति, कार्यक्रम तथा बजेट एवं विनियोजन विधेयक २०७६, आर्थिक विधेयक २०७६ र क्रमशः आएका माथि (१–३६) लेखिएका निर्णयहरु नगर प्रमुखबाट प्रमाणिकरण भई धनगढी उप-महानगरपालिकामा तुरुन्त लागु हुने छन । नीतिहरु नगरपालिकाको क्षमता अनुसार क्रमशः लागु हुनेछन भने कार्यक्रम, बजेट र निर्णयहरु प्रमाणिकरण पश्चात तुरुन्त कार्यान्वयनमा आउने छन् । आर्थिक विधेयक २०७६ र विनियोजन विधेयक २०७६ प्रमाणिकरण भैसकेपछि आर्थिक ऐन २०७६ र विनियोजन ऐन २०७६ मा रुपान्तरण भै आगामी आ.व. ०७६/०७७ भरी कानूनको रुपमा प्रचलित कानून सरह राजपत्रमा तोके बमोजिमको मिति देखी उप-महानगरपालिका क्षेत्र भरी र आवश्यकता अनुसार विषय र प्रसङ्ग अनुसार प्रचलित कानून, नेपालको संविधानको अधिनमा रही नेपाल भर नै लागु हुनेछन् ।

४.३८. करारमा रहेका र ज्यालादारीका कर्मचारी र कामदारहरुलाई प्रचलित तलबमान र दर रेट एवं भत्ता, सुविधा, पोषाक दिने गरि आगामी आ.व. ०७६/०७७ का लागी म्याद थप गर्न कार्यपालिकालाई अख्तियारी दिने निर्णय गरियो ।

४.४० यस नगरशभामा छुटेका निर्णय हरु (नीतिगत, आर्थिक र अर्थ संग सम्बन्धित निर्णयका विषयहरु) आगामी आर्थिक बर्ष ०७६/०७७ मा बस्ने नगर कार्यापालिकाले अधिकार प्रयोग गर्ने गरि प्रत्योजन गरिएको छ । उक्त प्रत्यायोजित बिषयसंग सम्बन्धित निर्णय हरुको समर्थन र अनुमोदन सम्बन्धित आ.व. को बजेट अधिवेशन बाट हुनुपर्ने छ । यस संबन्धमा थप व्याख्या गर्दा आ.व. ०७६/०७७ को कार्यपालिकाका निर्णयहरु आ.व. ०७६/०७७ को बजेट अधिवेशन (नगर शभा) बाट समर्थन र अनुमोदन हुनुपर्ने छ ।

४.४१ अर्को व्यवस्था नभए सम्मकालागि हाललाई यस नगरपालिकामा विद्यमान लेखा समिति भङ्ग गरिएको छ । लेखा समितिको पुनः गठन गर्नु परेमा आगामी नगरशभाहरुको निर्णयबाट मात्र गठन गरिने छ ।

Scanned with CamScanner